सहकारी संस्था दर्ता नं. ४८६/२३८/०१
२०६७/६८

# वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लि.

नेपालगञ्ज, बाँके

## WESTERN SAVING & CREDIT CO-OPERATIVE LTD.

Nepalgunj, Banke

प. सं.
च. नं.

मितिः २०८३/०५/१३

**आदरणिय शेयर सदस्यज्यूहरु,**

**विषय : वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

संचालक समितिको मिति २०८३/०५/१२ मा सम्पन्न बैठकको निर्णय नं. ११ अनुसार यस संस्थाको १७ औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा सम्पन्न गर्न लागिएको हुदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु**

१) वार्षिक साधारण सभाको गणपुरक संख्या निर्धारण तथा बैठक प्रारम्भ सम्बन्धमा ।
२) साधारण सभाको माईन्यूट लेखन तथा प्रमाणिकरणको लागी प्रतिनिधी छनौट सम्बन्धमा ।
३) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.ब.२०८२/०८३ को बार्षिक प्रगती प्रतिवेदन तथा २०८३/०८४ को नीती तथा कार्ययोजनाका सम्बन्धमा ।
४) लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत आ.ब. २०८२/०८३ को आन्तरिक लेखा प्रतिवेदन सम्बन्धमा ।
५) आ.ब. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
६) आ.ब. २०८३/०८४ को लागी बाह्य लेखा परिक्षक नियुक्ति तथा पारिश्रमीक निर्धारण सम्बन्धमा ।
७) आ.ब.२०८२/०८३ को लाभांस बितरण सम्बन्धमा ।
८) आ.ब.२०८२/०८३ को संचालक समितिले गरेका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
९) संस्थाको कार्यबिधी थप तथा संसोधन सम्बन्धमा ।
१०) संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
११) आन्तरिक कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
१२) कार्यकारी अध्यक्षको सेवा सुविधा सम्बन्धमा ।
१३) अध्यक्षद्वारा धन्यवाद ज्ञापन सम्बन्धमा ।

**कार्यक्रम हुने स्थान र समय**

मिति : २०८३/०६/१० गते शनिबार
समय : बिहान ११:३० बजे
स्थान : होटल पौवा वेष्टर्न प्रा.लि. मानपुर -३ खजुरा रोड

संजय थापा
अध्यक्ष

# वेष्टर्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## नेपालगंज -१२, बाँके
## १७ औं वार्षिक साधारण सभा
## २०८३ असोज १० गते शनिवार

### कार्यक्रम तालिका

१. आसन ग्रहण

२. राष्ट्रिय गान

३. स्वागत मन्तव्य

४. समुद्घाटन

५. शुभकामना मन्तव्य

६. सम्मान तथा पुरस्कार वितरण

७. अध्यक्षबाट उद्घाटन सत्रको समापन

---

८. वार्षिक साधारण सभाको गणपुरक संख्या निर्धारण तथा बैठक प्रारम्भ सम्बन्धमा।

९. साधारण सभाको माईन्यूट लेखन तथा प्रमाणिकरणको लागी प्रतिनिधी छनौट सम्बन्धमा।

१०. संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.ब.२०८२/०८३ को बार्षिक प्रगती प्रतिवेदन तथा २०८३/०८४ को नीती तथा कार्ययोजनाका सम्बन्धमा।

११. लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत आ.ब. २०८२/०८३ को आन्तरिक लेखा प्रतिवेदन सम्बन्धमा।

१२. आ.ब. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।

१३. आ.ब. २०८३/०८४ को लागी बाह्य लेखा परिक्षक नियुक्ति तथा पारिश्रमीक निर्धारण सम्बन्धमा।

१४. आ.ब.२०८२/०८३ को लाभांस बितरण सम्बन्धमा।

१५. आ.ब.२०८२/०८३ को संचालक समितिले गरेका निर्णयहरुको अनुमोदन सम्बन्धमा।

१६. संस्थाको कार्यबिधी थप तथा संसोधन सम्बन्धमा।

१७. संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

१८. आन्तरिक कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा।

१९. कार्यकारी अध्यक्षको सेवा सुविधा सम्बन्धमा।

२०. अध्यक्षद्वारा धन्यवाद ज्ञापन सम्बन्धमा।

# बाँके जिल्ला सहकारी संघ लि.

नेपालगञ्ज-१३, बाँके
फोन नं.०८१-५३४९२०, इमेल dcu.banke32@gmail.com



## शुभकामना

**"उद्दमशिलता र पारदर्शिता, सहकारीको प्राथमिकता "** भन्ने मुल नाराका साथ **श्री वैस्टर्न बचत तथा ऋण सहकारी संस्था लि. बाँकेको** नयाँ पावन अवसरमा संस्थाका संचालक समिति, लेखा समिति, विभिन्न उपसमिति, कर्मचारी तथा सदस्यहरुमा १७ **औ** वार्षिक साधारण सभाको सफल यात्राको साथै यस्ता अन्गीन्ती यात्राहरुको सफलताको निम्ती मेरो व्यक्तिगत तथा जिल्ला सहकारी संघ लि. बाँकेको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनले हाम्रो जस्तो अविकसित, सानो र छरिएको रुपमा रहेको पूँजी भएको देशको विकासमा महत्वपूर्ण योगदान दिन सक्ने कुरामा दुईमत छैन।

यस सहकारीले आफ्नो कार्यक्षेत्रमा रहेका अति गरिब महिला, दलित, जनजाती र पछाडि पारिएका वर्गहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता पूर्तिका लागी महत्वपूर्ण भुमिका खेलिरहेको र साथै सदस्यहरुबाट गठन, संचालन र प्रजातान्त्रिक नियन्त्रणका माध्यमबाट सहकारी व्यवसायको प्रवर्द्धन गर्दै समाजमा विद्यमान रहेको अशिक्षा, गरिबीको अन्त्य गर्न र समावेशी तथा समतामूलक समाज स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने विश्वास लिएको छु।

सहकारीका सिद्धान्त, मुल्य मान्यताहरुको व्यवहारिक अनुसरण गर्दै स्वस्थ सहकारी क्षेत्रको विकास आजको आवश्यकता हो। सहकारीले यी मान्यताहरुलाई पूर्णरुपमा आत्मसाथ गर्दै आफ्ना सदस्यहरुलाई उनीहरुको आवश्यकता अनुसार गुणस्तरीय, भरपर्दो, सरल, सहज रुपमा सेवा पुऱ्याउने छ भन्ने अपेक्षा सहित समस्त सहकारी संस्था लि. परिवारको उत्तरोत्तर प्रगति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै संस्थाको कारोबार दोब्बर हुँदै जाओस् संस्थाको १७ **औ** वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**॥ जय सहकारी ॥**

.............................

**प्रेम प्रसाद सुवेदी**

**अध्यक्ष**

सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

# शुभकामना



सहकारीमार्फत सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनस्तर उकास्ने उद्देश्यका साथ क्रियाशील **नेपालगञ्ज, बाँके स्थित वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड** ले आफ्नो **१७ औं वार्षिक साधारण सभा** को अवसरमा वार्षिक प्रतिवेदन प्रकाशन गरी सदस्य तथा सरोकारवालामाझ संस्थाका गतिविधि, उपलब्धि र भावी योजना प्रस्तुत गर्न लागेकोमा खुशी व्यक्त गर्दछु। यस अवसरमा संस्थाका सम्पूर्ण शेयर सदस्य, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति, व्यवस्थापन तथा कर्मचारी परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

सहकारी संस्था स्थानीय समुदायको आर्थिक सशक्तीकरण, बचत तथा लगानी प्रवर्द्धन, उद्यमशीलता विकास र सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यम हो। नेपालको वर्तमान आर्थिक परिवेशमा सहकारी क्षेत्रले उत्पादन, रोजगारी सिर्जना, वित्तीय पहुँच विस्तार तथा गरिबी न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। सहकार्य, स्वावलम्बन, पारदर्शिता र सदस्य सहभागिताका आधारमा सहकारीले स्थानीय अर्थतन्त्रलाई सबल बनाउँदै समृद्ध समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

**वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड** ले सदस्यहरूको आयआर्जन वृद्धि, वित्तीय पहुँच विस्तार, बचत संस्कृतिको विकास तथा सामाजिक उत्तरदायित्वका क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय छ। आगामी दिनमा पनि संस्थाले सुशासन, वित्तीय अनुशासन र सदस्य हितलाई केन्द्रमा राख्दै सहकारी अभियानको उदाहरणीय संस्थाका रूपमा आफ्नो पहिचान अझ सुदृढ बनाउनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, **संस्थाको १७ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दै संस्थाको निरन्तर प्रगति, संस्थागत सुदृढीकरण तथा सम्पूर्ण सदस्यहरूको सुख, समृद्धि र उज्ज्वल भविष्यको कामना गर्दछु।**

**मितिः २०८३/०५/३१** **जय सहकारी !!!**

लक्ष्मी प्रसाद उप्रेती
अध्यक्ष

'हाम्रो लक्ष्यः सम्पूर्ण सहकारीको दिगो भविष्य'
केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर ☏ ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop
scan me



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## सहकारीका सात सिद्धान्तहरू

- स्वेच्छिक तथा खुल्ला सदस्यता
- सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
- सदस्यको आर्थिक सहभागिता
- स्वायत्तता र स्वतन्त्रता
- शिक्षा तालिम र सूचना
- सहकारी संस्थाहरुका बीच सहयोग
- समुदाय प्रति चासो

## बचत तथा ऋण सहकारी सञ्चालनका १० सिद्धान्तहरू

### क) सहकारी संरचना

१. सदस्यको स्वामीत्व
२. सदस्यद्वारा नियन्त्रण
३. प्रजातान्तिक नियन्त्रण

### ख) सदस्यलाई सेवा

१. वित्तीय समावेशीकरण
२. वित्तीय दिगोपना
३. सदस्यहरुको आर्थिक लाभमा बृद्धि

### ग) सामाजिक उत्तरदायित्व

१. वित्तीय साक्षरता
२. सञ्जाल सहकार्य
३. सामाजिक उत्तरदायित्व
४. विश्वव्यापि परिकल्पना

# सहकारीका मूल्यहरू




सहकारीका मूल्यहरू




नैतिक मूल्यहरू

# विषय सुची


| क.सं. शिर्षक | पेज नं. |
|---|---|
| क. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन | १–३ |
| १. कार्यकारी सारांश (Executive Summary) | ४ |
| २. Vision, Mission, and Goals: | ५ |
| ३. यस आर्थिक वर्षका समग्र उद्देश्यहरू: | ७ |
| ४. गत आर्थिक वर्षको वित्तीय कार्यसम्पादन तथा संचालन कार्यसम्पादन समीक्षा: | ८ |
| ४.१ संचालन कार्यसम्पादन: | ९ |
| ४.२ सामना गरिएका चुनौतीहरू: | ९ |
| ५. आगामी वर्षका मुख्य रणनीतिक स्तम्भहरू र गतिविधिहरू | १० |
| ५.१. वित्तीय व्यवस्थापन र  कारोबार वृद्धि | १०–१४ |
| ५.२ सदस्य सेवा र संलग्नता | १४–१६ |
| ५.३. सुशासन, अनुपालन र जोखिम व्यवस्थापन | १६–१७ |
| ५.४. मानव संसाधन र क्षमता विकास | १७–१८ |
| ५.५. प्रविधि र पूर्वाधार विकास | १८ |
| ५.६. सामाजिक उत्तरदायित्व र संलग्नता | १८–१९ |
| ६. संगठनात्मक संरचना र भूमिकाहरु | १९ |
| ७. बजेट विनियोजन (Budget Allocation): | २०–२३ |
| ८. आकस्मिक योजना (Contingency Plan): | २४ |
| ९. अनुसूचीहरू (Annexes): | २४–२५ |
| ख. लेखा सुपरिवेक्षण समितीको प्रतिवेदन | २६–३५ |
| ग. सञ्चालक समिति सचिवको प्रतिवेदन | ३६–३७ |
| घ. ऋण उप–समितिको प्रतिवेदन | ३८–३९ |
| ङ. लेखापरिक्षण प्रतिवेदन | ४०–८५ |

# सहकारी अगुवाहरू



## Friedrich Wilhelm Raiffeisen (1818-1888)

फ्रेडरिक विल्हेल्म राइफाइजन जर्मनीका एक सामाजिक सुधारक थिए, जसले सहकारी बैंकिङ (cooperative banking) को अवधारणा विकास गरेर ग्रामीण गरिबी हटाउने कार्यमा ठूलो योगदान दिएका थिए।

**मुख्य जानकारीः**

**जन्मः** मार्च ३०, १८१८ - हाम (Hamm), जर्मनी

**मृत्युः** मार्च ११, १८८८ - नोइविड (Neuwied), जर्मनी

**पेशाः** नगरप्रमुख (Mayor), समाज सुधारक

**प्रसिद्धिः** ग्रामीण क्षेत्रका लागि सहकारी ऋण संस्थाहरूको स्थापना

**उहाँका मुख्य योगदानहरूः**

१. **ग्रामीण गरिबी विरुद्धको अभियान**

राइफाइजनले ग्रामीण किसानहरू र मजदुरहरूको गरीबी देख्नुभयो, जसको मूल कारण महँगो ब्याजमा ऋण दिने साहुहरूको शोषण थियो। त्यसको समाधानका लागि उहाँले सस्तो ब्याजमा ऋण दिने सहकारी संस्था बनाउनु पर्ने देख्नु भयो।

२. **उहाँको प्रभाव र आजको सहकारी प्रणालीः**

उहाँको अवधारणा अहिले सारा विश्वभर फैलिएको छ। राइफाइजन बैंकहरू अहिले पनि युरोपका धेरै देशहरूमा सञ्चालनमा छन्। उहाँका सिद्धान्तहरू नै आजका सहकारी बैंकहरू र सहकारी संस्थाहरू (cooperatives) को आधार बनिरहेका छन्।

उहाँको प्रसिद्ध भनाइः "**जो एक जनाले गर्न सक्दैन, त्यो धेरैले मिलेर गर्न सक्छन्।**"



## बखानसिंह गुरुङ

चितवनमा रहेको बखान सहकारी, नारायणगढ चोकबाट १३ किमी दक्षिण सारदानगर भन्ने ठाउँमा छ। सहकारीको विषयमा जानकारी लिँदा नेपालको पहिलो सहकारीका रूपमा बखानलाई लिने गरिएको पाइन्छ। अहिले यो ठाँउलाई सारदानगर भनिए पनि त्यसबेला बखाननगर थियो। पछि राजा महेन्द्रले बखानलाई हटाएर सारदानगर बनाएको इतिहास पाइन्छ।

सहकारीका संस्थापक अध्यक्ष बखानसिंह गुरूङले ६० जना स्थानीय बासिन्दालाई सहभागी गराएर प्रत्येक व्यक्तिबाट शेयरवापत रु १० का दरले जम्मा गरी ६ सय पूँजी कायम गरेर सहकारी संस्थापना भएको थियो। बखान सहकारी २०१३ साल चैत २० गते दर्ता भएको थियो। सोही दिनलाई हाल राष्ट्रिय सहकारी दिवस भनेर मनाउने प्रचलन रहेको छ।

त्यसबेला दैवी विपत्तिले घरबार-विहीनलाई सरकारले चितवनमा बसोबासको व्यवस्था मिलाएको थियो। बसाइसरी आएकाहरूलाई व्यावसायिक कृषिमा लाग्नका लागि सहयोग एवम् थप पूँजी निर्माणका गर्न बखानसिंहले सहकारीको अवधारणा अघि सार्नुभएको थियो। बखानसिंहले सुरूवात गरेको अवधारणालाई राज्यले समेत अवलम्बन गरी देशको आर्थिक मेरूदण्डको रूपमा राज्यले सम्बोधन गरेको छ, देशको कुल ग्राहस्थमा समेत योगदान दिने क्षेत्र सहकारी बनेको छ।

नेपालमा सहकारीका प्रणेता महान् व्यक्ति स्व.बखानसिंह गुरूङलाई हामीले सदैव स-सम्मान सम्झनु पर्छ। एउटा मानिसको सोच र योजनाले गर्दा आज देशमा करिब ३४ हजार सहकारी संस्थाहरू दर्ता भइसकेको अवस्था छ।

रोजगारको क्षेत्रमा होस् वा वित्तीय क्षेत्रमा, सहकारीले देशमा ठुलै फड्को मारेको छ। यसको श्रेय स्वर्गीय बखानसिंह गुरुङलाई दिनु पर्दछ।



## केशव कुमार शर्मा (संस्थापक अध्यक्ष)

केशव कुमार शर्मा वेर्ष्टन बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष हुनुहुन्छ। सहकारीको अवधारणा विकास गरेर बचत गर्ने बानिको विकास गरि यस क्षेत्रका सदस्यको जिवनस्तर उठाउनमा अथक योगदान दिई यस संस्थाको पहिचान अभिवृद्धि गर्न उल्लेखनीय भुमिका रहेको छ।

**मुख्य जानकारीः**

**जन्मः** २०१०-०९-१३ - गुल्मि, चन्द्रकोट, हाल नेपालगंज-१३, बाँके

**पेशाः** राष्ट्रिय वाणिज्य बैंक कर्मचारी

## संस्थाको सङ्क्षिप्त परिचय

| | |
|---|---|
| **१.संस्थाको नाम** | :वेष्टर्न बचत तथा ऋण सहकारी संस्था लि. |
| **२. संस्था स्थापना मिति** | :२०६७ / ०४/११ |
| **३. संस्था दर्ता नम्बर** | :४८६/२३८/०१-२०६७/०६८ |
| **४. स्थायी लेखा नम्बर** | :३०४३८२२०६ |
| **५.कार्यक्षेत्र** | :बाँके जिल्ला भर |
| **६. कुल सदस्य संख्या** | :२३३५ जना |
| **७. कर्मचारी संख्या** | :२३ जना (महिला १३जना पुरुष १० जना) |

**८. संस्थाको वित्तिय अवस्था**

| | |
|---|---|
| कुल चुक्ता शेयरपुजी | रु.१०,६१,१७,२००/- |
| कुल बचत संकलन | रु.४३,८०,७४,६७१/- |
| कुल ऋण लगानी | रु.४३,८२,६५,८४२/- |
| जगेडा कोष | रु. ३,१४,१६,९६३/- |
| कुल सम्पत्ति | रु. ५९,९४,१९,७८२/- |
| जग्गा | क्षेत्रफल : ०-१-७ कट्ठा |

**९. ऋण लगानीका प्रमुख क्षेत्रहरु :**

: ब्यापार कर्जा

: घरजग्गा कर्जा

: ब्यक्तिगत कर्जा

: बिशेष कर्जा

: कृषि कर्जा

: शैक्षिक कर्जा

: हायरपर्चेज कर्जा

: आवधिक धितो कर्जा

: कर्मचारी सुविधा कर्जा

: वैदेशिक रोजगार कर्जा

**१०. लगानीका प्राथमिकता :**

- लामो समयदेखि निरन्तर रूपमा बचत गर्ने सदस्यहरूबाट प्राप्त निवेदन,
- नियमित रूपमा ऋण भुक्तान गर्ने सदस्य,
- साना आकारका ऋणहरू,
- साना तथा घरेलु उद्योग संचालनका लागी आवेदन गरिएका ऋण,
- संस्थामा कुनैपनि विधामा उत्कृष्टता प्राप्त गरेको सदस्यहरू बाट माग भएको ऋण,(जस्तै उत्कृष्ट ऋणी, नियमित किस्ता बुझाउने सदस्य, नियमित मासिक बचत गर्ने, उत्कृष्ट बचत कर्ता,उत्कृष्ट ब्यवसायि,सर्बाधिक शेयर खरिद आदि)
- ऋणीको चरित्र तथा आर्थिक अनुशासन,
- आफनै शेयर तथा बचत धितो राखी ऋण माग गर्ने,
- प्रथम पटक ऋण माग गर्ने,
- उदेश्यसंग सम्बन्धित सीप अनुभव भएको,
- आय आर्जन मुलक ब्यवसायमा माग गर्ने ऋणहरू,

**११. सदस्य केन्द्रित सेवाहरु :**

- सदस्य दुर्घटना बीमा
- सदस्यहरुलाई विभिन्न विद्यामा पुरस्कार तथा सम्मान
- मृत्यु संस्कारका लागि राहत तथा श्रदाञ्जली
- महिला सदस्यहरुलाई सुत्केरी पोषण खर्च प्रदान
- जेष्ठ सदस्यहरुलाई वार्षिक रूपमा सम्मान
- विद्यालय स्तरीय परीक्षामा उत्कृष्ठ अङ्क ल्याउनेलाई पुरस्कार तथा सम्मान
- अन्य सामुदायिक सेवाहरु (निल सागर, मानव सेवा आश्रम)

**१२. आवद्धता :**

- जिल्ला बचत तथा ऋण सहकारी संघ बाँके
- जिल्ला सहकारी संघ बाँके
- राष्ट्रिय सहकारी बैंक, काठमाडौं

**१३. संस्थाको दीर्घकालीन उद्देश्यहरू :**

- संस्थामा सङ्लग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने,
- नियमित रूपमा सदस्यहरूबाट निक्षेप प्राप्त गर्ने,

- सदस्यहरूको व्यक्तिगत एवम् सामूहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवम् आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने,
- उत्पादनशील, आयमूलक, सीपमूलक उद्देश्यका लागि सदस्यहरूलाई उचित व्याजदरमा ऋण प्रदान गर्ने,
- सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने,
- सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरू सञ्चालन गरी सहकारिताको महत्त्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने,
- नवीनतम् प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय वित्तीय सेवा दिने व्यवस्था मिलाउने,
- आत्मनिर्भरता तथा आत्मविश्वास अभिवृद्धिका लागि सदस्यहरुलाई उत्प्रेरित गर्ने,
- सदस्यहरुलाई आय आर्जन क्षमतामा वृद्धि गर्नका लागि आवश्यक मद्धत र जानकारी उपलब्ध गराउने,
- सहकारी अभियानको नेतृत्व तथा व्यावसायिक प्रवर्धनका लागि गठित संघ, संगठन तथा सञ्जालमा आवद्ध हुने,
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठन संग  सहयोगात्मक सम्बन्ध कायम राख्ने,
- सदस्यहरु तथा संस्थाको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियम, मापदण्डहरू र यस विनियममा व्यवस्था भए बमोजिम चल, अचल सम्पत्ति आर्जन गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, धितो बन्धक राख्ने आदि कार्य गर्ने
- प्रचलित कानुन बमोजिम संस्थाले उपभोग गर्न पाउने छुट तथा सहुलियत सुविधाहरुको उपभोग गर्ने,
- समुदायभित्र सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, पर्यावरण संरक्षणका क्रियाकलापहरू संचालन गर्ने,
- कुनै पनि दातृ निकायबाट निःशर्त प्राप्त हुने अनुदानलाई स्वीकार गर्ने,
- कर्मचारी तथा सदस्यहरुलाई संस्था प्रति प्रतिवद्ध तथा असल कार्यमा उत्साहित बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,
- सदस्यहरुको व्यक्तिगत जीवनमा आइपर्ने अप्ठ्यारा परिस्थितिहरूमा सहयोग पुग्न सक्ने कार्यक्रम सञ्चालन गर्ने ।

१४. **संस्थाको कार्यहरूः**

- सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,
- सदस्यको हित प्रवर्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,
- सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,
- संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व

र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

- आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,
- संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,
- मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक राजष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने तथा नियमनकारी संस्थाको निर्देशन पालना गर्ने गराउने,
- संस्थाको स्वीकृत नीतिअनुसार सदस्यहरूबाट बचत सङ्कलन गर्ने,
- संस्थाको स्वीकृत नीतिअनुसार सदस्यहरूलाई ऋण लगानी गर्ने,
- ऐन तथा विनियममा व्यवस्था भए बमोजिम संस्थाको शेयर बिक्री गर्ने,
- ऐन, नियमावली र विनियमको अधिनमा रही अन्य संघ, संस्थाहरूबाट ऋण लिने र दिने,
- सहकारिताबारे सदस्यहरूको चेतना जगाउने क्रियाकलाप सञ्चालन गर्ने,
- सदस्यहरूलाई सिपमूलक तालिमको अवसर प्रदान गरी व्यावसायिक सिप अभिवृद्धि गर्ने,
- सदस्यहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरूमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पुऱ्याउने काम गर्ने,
- सदस्यहरूलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने,
- आफ्ना सदस्यहरूलाई सानातिना जोखिममा सहयोग पुग्ने गरी सदस्यहरूको सामूहिक सहयोग उपलब्ध गराउन संस्थागत प्रवन्ध गर्ने,
- विनियममा व्यवस्था भएका कोषहरूको प्रभावकारी ढङ्गले उपयोग गर्ने,
- सदस्यहरूलाई ए.टि.एम., मोवाइल बैंकिङ्ग, क्यू.आर. कोड र एस. एम. एस. सेवा लगायतका विभिन्न नवीनतम् प्रविधि मार्फत कागजरहित तथा नगदरहित कारोबार गर्ने व्यवस्था मिलाउने ।
- सदस्यहरूको वित्तीय तथा गैरवित्तीय लाभ प्रवर्धन हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- संस्थाको प्रशासनिक व्यवस्थापन र व्यावसायिक प्रयोजनको लागि आवश्यक जग्गा, भवन खरिद निर्माण तथा अन्य भौतिक व्यवस्थापनका कार्य गर्ने ।
- संस्थाका उत्कृष्ट कर्मचारी तथा सदस्यहरूलाई सम्मान एवम् पुरस्कार प्रदान गर्ने ।
- संकटमा परेका सदस्यहरूलाई राहत एवम् अन्य सहयोगको व्यवस्था गर्ने ।

**संस्थामा शेयर सदस्य बन्नका लागि चाहिने आवश्यक कागजातहरू**

१. सदस्य बन्न चाहने व्यक्तिको नेपाली नागरिकताको फोटोकपी -थान १
२. सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फोटो -थान २
३. इच्छाएको व्यक्तिको फोटो र नागरिकताको फोटोकपी -थान १
४. यदि बाह्य जिल्लाको नागरिकता भए स्थायी बसोबासको प्रमाण-पत्रको फोटोकपी-थान १
५. राष्ट्रिय परिचय पत्रको फोटोकपी-थान १
६. संस्थाको विनियम अनुसार सदस्यता बन्न आवश्यक रकम

## १७ औं वार्षिक सभामा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन २०८२/०८३

यस वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लि. को १७औ बार्षिक साधारण सभामा उपस्थित लेखा सुपरिवेक्षण समिति का संयोजक ज्यू, संचालक समिति तथा लेखा सुपरिवेक्षण समिति का पदाधिकारी तथा सदस्य ज्यूहरु, सल्लाहाकार ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, सस्थाका प्रबन्धक ज्यू, कर्मचारी साथीहरु एवम सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लि को तर्फ र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिबादन गर्न चाहन्छु।

हामी यस गरिमामय १७औं वार्षिक साधारण सभामा यस संस्थाको वित्तिय अवस्था तथा हाम्रा सदस्यहरुको हितमा यस सस्थाले पुऱ्याएको सेवा, योगदान तथा संस्था ले आ.व. ०८२/०८३ मा हासिल गरेको उपलब्धिहरु, वार्षिक लक्ष्य तथा कार्यक्रम कार्यान्वयनको अवस्था साथै आ.व. ०८३/०८४ को वार्षिक लक्ष्य तथा कार्यक्रमहरु र अनुमानित बजेट समेत यहाहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

### आदरणीय शेयर सदस्य ज्युहरु :

यस संस्थाको आ.व.२०८०/०७/०९ गते सम्पन्न १४औं वार्षिक साधारण सभा तथा अधिबेशन बाट निर्वाचित भई आज हामी तेस्रो वर्षको वार्षिक साधारण सभामा उपस्थित भएका छौ । बिगत केहि बर्षदेखि अर्थतन्त्रमा आएको मन्दीको प्रत्यक्षभारलाई सामना गर्दै अगाडी बढ्दा थुप्रै सहकारीका समस्या र चुनौतीको सामना गर्नुपरेको छ । आर्थिक क्षेत्रमा परेको समस्या सहकारी क्षेत्रमा देखिएका नीतिगत समस्या तथा कानुनी अल्झन सहकारीको उद्देश्य र प्रयोगमा देखिएको भिन्नता, नीतिगत अस्पष्टता, सुसासनको कमि जस्ता समस्या हामीले सुन्न र भोग्न पाइराखेका छौ । तथापी सबै बाधा र अड्चनका वावजुद पनि विधिको बाटोमा हिड्दै हाम्रो यस सहकारीको साखलाई बचाई राख्न सफल भएका छौ। जसको लागि यहाँहरुको सहकार्य र सहयोग प्रति धन्यवाद ब्यक्त गर्न चाहन्छु।

गत वर्ष भाद्र २३ र २४ को जेन्जी आन्दोलन पश्चात राष्ट्र एक प्रकारको संकटबाट गुज्रिदा सहकारी क्षेत्र समेत नराम्ररी प्रभावित हुन पुग्यो जसले सहकारी संस्थाका विभिन्न आशातित उपलब्धिहरुलाई प्रत्यक्ष प्रभावित बनायो। जसका वावजुत सदस्यहरुको निरन्तरको साथ र समर्थन, कर्मचारी साथीहरुको सहयोग र सञ्चालक समिति, लेखा समिति र अन्य उप-समितिहरुको सक्रिय उपस्थितिले संस्थालाई थप उचाईमा पुऱ्याउन मद्दत पुऱ्याएको छ।

हाम्रो नेतृत्वमा संचालक समिति चयन भए पश्चात सहकारीको मूल्य, मान्यता, प्रचलित सहकारी ऐन नियमावलि, विभिन्न समयमा नियामक निकायबाट प्राप्त निर्देशनहरूलाई मार्ग दर्शनका रूपमा ग्रहण गरि सहकारीमा आर्थिक सुशासन, वित्तिय पारदर्शिता कायम गरि निति, विधि र पद्धति निर्देशित सहकारीको निर्माण

नै हामिले हाम्रो मुल लक्ष्य ठानेका छौं । साथै आगामी दिनमा सामाजिक क्षेत्रमा यस संस्थाले विभिन्न पक्षमा योगदान गर्दै सदस्य केन्द्रित आर्थिक तथा सामाजिक उन्नतिका योजना सहित संस्थालाई उच्च पहिचान गराउने कार्यमा अगाडि बढ्नेछौँ ।

सहकारीका शेयर सदस्यहरुको सामुहिक सहकार्य र हातेमालोबाट नै हाम्रो लक्ष्य प्राप्तिको मार्ग सहज र सरल बन्न सक्दछ । एउटा सहकारी सफल बन्न सम्पूर्न सदस्यहरुको सामुहिक सहभागिताको सुनिश्चिता अपरिहार्य छ । त्यसैले सम्पूर्ण शेयर सदस्यहरुबाट साथ, सहयोग र उचित सल्लाहको समेत अपेक्षा गर्दछु साथै सहकारीको मुल मर्म बुझ्न संस्थाले आयोजना गर्ने कार्यक्रमहरुमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा राखेका छौं साथै सदस्य ज्यूहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण समिति, विभिन्न उप समितिहरु सल्लाहकार ज्यूहरु र कर्मचारी साथिहरुबाट प्राप्त सल्लाह, सुझाब र सहकार्यको मुक्त कण्ठले प्रसंसा गर्दै भविष्यमा अझ बढि निरन्तरताको समेत अपेक्षा गर्दछु ।

नयाँ समय र परिस्थिति अनुरुप समायोजित भइ सहकारीको मर्म र भावना साथै नेपाल सरकारका तालुकदार निकायबाट जारि भएका निर्देशिका, निर्देशनलाई आत्मसाथ गर्दै वित्तिय विधि तथा सुशासन, आर्थिक पारदर्शिता र शेयर सदस्यहरुको दिगो आर्थिक तथा सामाजिक विकासका लागि सदैव लागि पर्नेछौँ । प्रतिस्पर्धी तथा सेवा मुखि बजारमा हामीले दिने सेवाहरु प्रविधि मैत्रि बनाउनु पर्ने चुनौति हाम्रो अगाडि छ । वर्तमान समयमा AI को बढ्दो प्रयोग, स्मार्ट बैकिङ्ग, डिजिटल भुक्तानीको सेवालाई थप परिष्कृत र समय सान्दर्भिक बनाउने प्रयास रहिरहने छ । यस कार्यमा सफल हुन सम्पूर्ण शेयर सदस्य ज्यूहरुको सहकार्य अत्यन्त जरुरी रहेको अनुरोध गर्न चाहन्छु ।

विगतको वर्षमा संस्थाको कर्जा निति तथा कर्जा असुलीलाई प्राथमिकतामा राखि हामीले सोहि अनुरुप कर्जा असुली विभागको स्थापना, कर्जा असुली उप-समितिको गठन र कानुनी परामर्शदाता नियूक्त गरि कार्य सम्पन्न गर्दा निकै सकारात्मक उपलब्धि हासिल गरेका छौं । आगामी दिनमा समेत यस्तै प्रकारको सकारात्मक उपलब्धिको अपेक्षा गर्दै सञ्चालक समितिबाट आवश्यक पर्ने सम्पूर्ण सहयोगको लागि हामी तत्पर रहेको कुरा अवगत गराउन चाहन्छौं । यस कार्यलाई सम्पन्न गर्नु हुने सरोकारवाला सम्पूर्णमा आभार व्यक्त गर्न चाहन्छौं । यस सम्बन्धि सुचकहरु विभिन्न प्रतिवेदनमा समेटिएको छ ।

अन्त्यमा आगामी वर्षको लागि संस्थालाई अझ सबल र बलियो बनाउने आधारको रूपमा दिर्घकालिन योजना सहित सम्पूर्ण शेयर सदस्यहरूबाट मासिक, आवधिक, खुत्रुके तथा दीर्घकालिन बचतको योजना, धन जमानी तथा धितो मुल्यांकन लगानीलाई प्राथमिकतामा राखी संस्थालाई बलियो संस्था तथा सदस्यहरुलाई सक्षम बनाई सहकारीका सिद्धान्त मूल्य मान्यतालाई आत्मसाथ गर्दै निति, विधि र प्रविधिको नविन उपयोग तथा प्रयोग संगै सदस्यहरुको संरक्षण, निक्षेप प्राप्ति, सुरक्षित कर्जा लगानी गर्दै यस संस्थालाई सहकारी अभियानकै अग्रणी स्थानमा उत्कृष्ट सहकारी संस्था स्थापित गरि आगामी दिनमा अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौ ।

गत वर्ष भाद्र २३ र २४ गते परिवर्तन र समृद्धिको सपना बोकेर आन्दोलनमा सहभागि भइ ज्यान गुमाउनु हुने तथा हाल सालै भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदिमा आएको अकल्पनिय बाढिका कारण असामायीक निधन हुनु भएका मृतकहरु प्रति हार्दिक श्रद्धान्जली प्रकट गर्न चाहन्छु । यस सहकारीका शेयर सदस्यहरु मध्ये असामयीक निधन हुनु भएका सदस्यहरुमा हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

संस्थामा नव प्रवेशी सम्पूर्ण शेयर सदस्य ज्युहरूलाई स्वागत गर्दै सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**जय वेष्टर्न ॥**

**जय सहकारी ॥**

संजय थापा
अध्यक्ष

# आर्थिक वर्ष: २०८३/२०८४

**योजना तयार पारेको मितिः २०८३ आषाढ ३२ गते**

**स्वीकृत गर्ने निकायः संचालक समिति**

## १. कार्यकारी सारांश (Executive Summary)

वेस्टर्न बचत तथा ऋण सहकारी संस्था लि. सहकारीका मूल्य मान्यता र सिद्धान्त, सहकारी ऐन २०४८ अनुसार मिति २०६७ श्रावण महिनाको ११ गते सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता नं. (४८६/२३८/०१/२०६७/०६८) भई हाल यस सहकारी संस्थाले जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ, राष्ट्रिय सहकारी बैंक लि. मा आवद्ध भई सक्रियता का साथ काम गर्दै आईरहेको छ। संस्था दर्ता हुदा ५२ जना शेयर सदस्यहरुको रु. १२,५०,०००.०० शेयर पूंजी र नियमित बचत रु १०००.०० गरि शुरु भएको यस संस्थाले हाल १७ वर्ष पुरा गर्दै २३३५ जना शेयर सदस्य संग कारोबार गर्दै आईरहेको छ। यस संस्थाको कार्य क्षेत्र साविक नेपालजंग उपमहानगर पालिका र हाल बाँके जिल्ला भरि रहेको छ।

**गत आर्थिक वर्षको कार्यसम्पादनको संक्षिप्त अवलोकन**

**मुख्य उपलब्धिहरू:**

| क्र. सं. | शिर्षक | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. ०८२/०८३ अनुमानित | आ.व. ०८२/०८३ यथार्थ | खुद उपलब्धी |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | २,७८७ जना | २५६४ जना | २३३५ जना | २२९ जना |
| २ | बचत संकलन | ४६,९७,८८,५९४/- | ५१,५३,६४,५६९/- | ४३,८०,७४,६७१/- | ७६२८९८९८/- |
| ३ | ऋण प्रवाह | ४५,३८,५०,१५०/- | ५३,९९,८७,८०५/- | ४३,८२,६५,८४२/- | १०१७२१९६३/- |
| ४ | खराब कर्जा(NPA) अनुपात | ९५,५२,३५९/- | २,७०,००,०००/- | ४,१८,३२,३०५/- | १,४८,३२,३०५/- |
| ५ | शेयर पुँजी | १०,५९,३३,६००/- | १०,८०,५२,२७२/- | १०,६१,१७,२००/- | १९,३५,०७२/- |
| ६ | कूल सम्पत्ती | ६१,७१,३१,७७४/- | ६८,४९,२०,४११/- | ५९,९४,१९,७८२/- | ८,५५,००,६२९/- |
| ७ | खुद मुनाफा | १,०७,०८,१११/- | २,०५,४३,०४९/- | १,१४,१२,५३८/- | ९१,३०,५११/- |

## १.२ वर्तमान आर्थिक अवस्था

संस्था हाल स्थिर वित्तीय अवस्थातर्फ उन्मुख रहेको छ। सम्पत्ति, शेयर पूँजी तथा सञ्चालन क्षमता सन्तोषजनक भए पनि आगामी वर्षमा निम्न विषयलाई विशेष प्राथमिकतामा राखिने छ।

-(निष्क्रिय कर्जा (NPA) नियन्त्रण

- बचत परिचालन वृद्धि
- उत्पादनमूलक ऋण विस्तार
- संस्थागत पूँजी वृद्धि
- तरलता व्यवस्थापन

- सदस्य विस्तार
- डिजिटल सेवा विस्तार

## १.३ सफलता मापन गर्ने प्रमुख सूचक (Key Performance Indicators)

| सूचक | लक्ष्य |
|---|---|
| सदस्य वृद्धि | १५% |
| बचत वृद्धि | १०% |
| ऋण लगानी वृद्धि | १५% |
| NPA | ५% भन्दा कम |
| मुनाफा वृद्धि | १८% |
| सदस्य सन्तुष्टि | ९०% भन्दा बढी |
| कर्मचारी तालिम | १००% |
| आन्तरिक लेखापरीक्षण | त्रैमासिक |
| सञ्चालक समिति बैठक | कम्तीमा १८ पटक |
| नियामकीय प्रतिवेदन | १००% समयमै |

## २. Vision, Mission, and Goals:

**सहकारी संस्थाको दृष्टिकोण** (**Vision**): "सदस्यहरूको समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै आत्मनिर्भर र समावेशी आर्थिक समाज निर्माण"।

**सहकारी संस्थाको ध्येय** (**Mission**):

- सदस्यहरूको बचत परिचालन गरी सुलभ ऋण सेवा प्रदान गर्दै आर्थिक समृद्धि, आत्मनिर्भरता र सामुदायिक विकास हासिल गर्नु।
- सदस्यहरूबीच आपसी सहयोग र बिश्वासको आधारमा आर्थिक तथा सामाजिक विकासका क्रियाकलाप संचालन गर्नु।
- सस्तो, सहज र सुलभ वित्तीय सेवा उपलब्ध गराउनु।
- आय आर्जनका कार्यक्रमहरू संचालन गर्दै सदस्यहरूको आर्थिक अवस्था मजबुत बनाउनु।
- वित्तीय साक्षरता तथा व्यवसायिक सीप अभिवृद्धिका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्नु।
- स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै दिगो विकासमा टेवा पुऱ्याउनु।

**सहकारी संस्थाका उद्देश्यहरू (Goals): सहकारीका उद्देश्यहरू (Objectives of Cooperative):**

1. सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक हित प्रवर्द्धन गर्नु ।
2. सदस्यहरूबीच बचत गर्ने बानीको विकास गर्नु ।
3. सस्तो र सहज रूपमा ऋण तथा वित्तीय सेवा उपलब्ध गराउनु ।
4. आत्मनिर्भरता र स्वावलम्बनको विकास गर्नु ।
5. सदस्यहरूको जीवनस्तर सुधार गर्नु ।
6. रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्नु ।
7. उत्पादन, वितरण तथा बजार व्यवस्थापनमा सहयोग पुऱ्याउनु ।
8. सदस्यहरूबीच आपसी सहयोग, एकता र सहकार्यको भावना बढाउनु ।
9. स्थानीय स्रोत र साधनहरूको प्रभावकारी उपयोग गर्नु ।
10. समुदायको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान दिनु ।

## २.३ मूल्यमान्यता (Core Values)

संस्थाले निम्न मूल्यमान्यताका आधारमा आफ्नो सम्पूर्ण गतिविधि सञ्चालन गर्नेछ ।

**–सदस्य सर्वोपरि (Member First)**

प्रत्येक निर्णयमा सदस्यको हितलाई प्राथमिकता दिइनेछ ।

**–पारदर्शिता (Transparency)**

सबै वित्तीय तथा प्रशासनिक कार्य पारदर्शी रूपमा सञ्चालन गरिनेछ ।

**–उत्तरदायित्व (Accountability)**

प्रत्येक पदाधिकारी तथा कर्मचारी आफ्नो कार्यप्रति जिम्मेवार हुनेछ ।

**इमानदारी (Integrity)**

नैतिक मूल्य र व्यावसायिक आचारसंहिताको पूर्ण पालना गरिनेछ ।

**समावेशिता (Inclusiveness)**

महिला, युवा, ज्येष्ठ नागरिक, कृषक तथा साना उद्यमीलाई प्राथमिकता दिइनेछ ।

**नवप्रवर्तन (Innovation)**

नयाँ प्रविधि र नवीनतम सेवालाई निरन्तर अपनाइनेछ ।

**दिगोपन (Sustainability)**

आर्थिक, सामाजिक तथा वातावरणीय सन्तुलनलाई ध्यानमा राखी संस्थाको विकास गरिनेछ ।

**सहकार्य (Collaboration)**
सदस्य, समुदाय, स्थानीय सरकार तथा सहकारी सञ्जालसँग सहकार्यलाई प्रोत्साहन गरिनेछ।

### ३. यस आर्थिक वर्षका समग्र उद्देश्यहरू:

- वित्तीय दिगोपनका साथ कारोबार वृद्धिलाई बढावा दिने।
- सदस्य सन्तुष्टि र संलग्नतामा सुधार गर्ने।
- सुशासन र यसको अनुसरणलाई सुदृढ गर्ने।
- शेयर सदस्यहरुलाई वित्तीय साक्षरता लगायतका विषयमा तालिम गराउने।
- सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने।
- कृषि कार्यका लागि आवश्यक जमिन खरिद गर्ने।

## ३.१ SWOT विश्लेषण

### Strengths (सबल पक्ष)

- संस्थाप्रतिको सदस्यको विश्वास
- अनुभवी सञ्चालक समिति तथा कर्मचारी
- व्यवस्थित ऋण व्यवस्थापन
- बलियो स्थानीय पहिचान
- सदस्य केन्द्रित सेवा
- कल्याणकारी कार्यक्रम
- नियमित नाफा आर्जन
- उत्कृष्ट सहकारी (जिल्ला सहकारी संघ २०८२  बाट सम्मानित )

### Weaknesses (कमजोर पक्ष)

- डिजिटल सेवा सीमित
- सदस्य वृद्धिदर घट्दो
- NPA नियन्त्रणमा थप सुधार आवश्यक
- केही आम्दानी स्रोतमा अत्यधिक निर्भरता
- अनुसन्धान तथा नवप्रवर्तनको कमी

### Opportunities (अवसर)

- डिजिटल वित्तीय सेवाको विस्तार

- कृषि तथा साना उद्यममा लगानी
- युवा उद्यमशीलता
- स्थानीय सरकारसँग सहकार्य
- हरित वित्त (Green Finance)

**Threats (चुनौती)**

- बैंक तथा वित्तीय संस्थासँग प्रतिस्पर्धा
- आर्थिक मन्दी
- नियामकीय निकाय परिवर्तन
- साइबर सुरक्षा जोखिम

## ४. गत आर्थिक वर्षको वित्तीय कार्यसम्पादन तथा संचालन कार्यसम्पादन समीक्षाः

| क्र.स. | शिर्षक | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को यथार्थ | आ.व. २०८२/०८३ यथार्थ |
|---|---|---|---|---|
| १. | सदस्य संख्या | १,४५६ जना | २,७८७ जना | २३३५ जना |
| | वृद्धिदर प्रतिशतमा | २२.७६% | ९१% | (१६.२१%) |
| २. | कुल सम्पति | ५७,९६,२९,८८२/- | ६१,७१,३१,७७४/- | ५९,९४,१९,७८२/- |
| | वृद्धिदर प्रतिशतमा | १४.३८% | ६.४६% | २.८७% |
| ३. | कुल शेयर पुंजी | १०,५२,८७,१००/- | १०,५९,३३,६००/- | १०,६१,१७,२००/- |
| | वृद्धिदर प्रतिशतमा | ४.२३% | ०.६% | ०.१७% |
| ४. | कुल ऋण लगानी | ४०,६१,०४,८२४/- | ४५,३८,५०,१५०/- | ४३,८२,६५,८४२/- |
| | वृद्धिदर प्रतिशतमा | ६.१६% | ११.७५% | (३.४३%) |
| ५. | कुल बचतर निक्षेप | ४२,३३,४५,४०२/- | ४६,९७,८८,५९४/- | ४३,८०,७४,६७१/- |
| | वृद्धिदर प्रतिशतमा | २९.८०% | ११% | (६.७५%) |
| ६. | कुल संस्थागत पुंजी | ४,७९,०७,१८३/- | ४,८२,६५,४५२/- | ५,२३,०३,८३४/- |
| | वृद्धिदर प्रतिशतमा | ०.०६% | ०.७५% | ८.३७% |
| ७. | कुल स्थिर सम्पति | १,६९,९९,८२१/- | १,६४,८४,६६५/- | १,६५,०८,४९८/- |
| | वृद्धिदर प्रतिशतमा | २.२८% | ३.०३% | ०.१४% |
| ८. | मुनाफा | १,५३,३६,६५०/- | १,०७,०८,१११/- | १,१४,१२,५३८/- |
| | वृद्धिदर प्रतिशतमा | (२९.८७%) | ३०.१८% | (६.५७%) |

## ४.१ संचालन कार्यसम्पादनः

**सेवा वितरणको प्रभावकारिताः**

- सस्थामा सुझाब पेटिका राख्ने र सदस्य बाट सुझाव लिने ।
- सदस्यता प्राप्ति अझै सहज बनाउने ।
- विभिन्न प्रकारका बचत संकलनको व्यवस्था मिलाउने ।
- सहज रुपमा ऋण प्रवाहको व्यवस्था मिलाउने ।
- सदस्य केन्द्रित सामाजिक कार्य गर्ने ।

**आन्तरिक नियन्त्रणका संयन्त्रहरूः**

- दैनिक कार्य संचालनको लागि छुट्टा छुट्टै विभाग बाट कार्य सम्पादन गर्ने जसको लागि computer software को व्यवस्था भएको ।
- संचालक समितीको बैठकमा प्रबन्धक बाट संस्थाको प्रगति विवरण पेश गर्ने ।
- संचालक समिति बाट वार्षिक १८ बैठक नघट्ने गरि बैठक बस्ने र रिपोर्ट तयार गर्ने ।
- ऋण प्रवाहको लागि ऋण उप समितीको वार्षिक ५२ वटा बैठकको व्यवस्था भएको ।
- अन्तरिक लेखा परिक्षणको व्यवस्था भएको ।
- लेखा तथा सुपरिवेक्षण उपसमिति बाट लेखाको रिपोर्ट तथा चौमासिक प्रतिबेदनको व्यवस्था,
- बाह्य लेखा परिक्षणको व्यवस्था भएको ।

## ४.२ सामना गरिएका चुनौतीहरूः

**ऋण असुलीका समस्याहरूः**

- ऋणीको आयस्रोत कमजोर वा अनिश्चित हुनु ।
- ऋणको रकम उद्देश्यअनुसार प्रयोग नगर्नु ।
- ऋणीमा ऋण तिर्ने अनुशासन तथा चेतनाको कमी हुनु ।
- जमानत (Collateral) कमजोर वा अपर्याप्त हुनु ।
- सहकारीको प्रभावकारी अनुगमन तथा ऋण व्यवस्थापनको कमी हुनु ।
- राजनीतिक वा सामाजिक दबाबका कारण असुलीमा कठिनाइ हुनु ।
- ऋणीको बसाइँसराइ वा सम्पर्कविहीन हुनु ।
- सदस्यहरूमा सहकारीप्रतिको जिम्मेवारी भावना कमजोर हुनु ।
- धितो बिनाको लगानीका कारण ऋणीको नियत बिग्रनु ।
- विद्यमान कानुनमा भएका परिवर्तनले ऋण असुलीमा समस्या भएको ।
- सहकारी प्रति बिश्वास घट्नु ।

- दोहोरो सदस्यताका कारण सहकारी संस्थाहरु विच अस्वस्थ प्रतिस्पर्धा बढ्नु ।
- आर्थिक मन्दीका  कारण किस्ता र व्याज नियमित हुन नसक्नु ।
- सहकारी सस्थाले बैंक तथा अन्य वित्तिय संस्थासंग प्रतिस्पर्धाको रुपमा काम गर्नु ।
- सदस्यहरु बीचमा प्रतिस्पर्धाले गर्दा संस्थालाई नै गाह्रो हुने गरि व्याज तथा सेवा सुबिधाको प्रतिस्पर्धा गराउनु ।

**नियम कानुनमा  भएका परिवर्तनहरूः**

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) को कडा निगरानी
- बचत तथा ऋण कारोबार सदस्यमा मात्र सीमित
- ऋणका लागि न्यूनतम ३ महिना सदस्यता
- ब्याजदर अन्तर (Spread Rate) अधिकतम ६%

## ५. आगामी वर्षका मुख्य रणनीतिक स्तम्भहरू र गतिविधिहरू (Key Strategic Pillars and Activities for the Upcoming Year)ः

### ५.१. वित्तीय व्यवस्थापन र  कारोबार वृद्धि (Financial Management & Growth)ः

**उद्देश्यहरूः** बचत परिचालन बढाउनु, ऋण पोर्टफोलियोको गुणस्तर सुधार गर्नु र नाफा बढाउनु ।

**मुख्य गतिविधिहरूः**

**बचत परिचालनः**

- बचत प्रवर्द्धन अभियानहरू संचालन गर्ने (जस्तैः “आफ्नो भविष्य बनाउन बचत गर्नुहोस्” आदि)।
- प्रत्येक कर्मचारी/शाखाका लागि मासिक/त्रैमासिक लक्ष्यहरू निर्धारण गर्न सकिने ।
- कृषि, पशुपालन, साना उद्योगसँग जोडिएका विशेष बचत योजना ल्याउने ।
- बचतलाई ऋण र व्यवसायसँग सम्बन्धित बनाउने ।
- सानो सानो बचतलाई प्रथमिकतामा राख्ने ( खुत्रुके बचत) ।
- मासिक बचत, साधारण बचत, आवधिक बचत, खुत्रुके बचत, विशेष वचत, जेष्ठ नागरिक बचत, दम्पत्ती बचत खाता जस्ता शिर्षकहरूमा बचत सँकलन गरिनेछ ।

**ऋण व्यवस्थापनः**

**क. ऋण पूर्व मुल्यांकन प्रणाली(Pre–loan Assessment System)ः**

- जोखिम मूल्यांकनका लागि "5C"s of Credit “(CHARACTER, CAPACITY, CAPITAL, CONDITION, COLLATERAL)” प्रयोग गरिनेछ ।

- कालो सुची तथा कर्जा सूचना बाट किस्तामा ढिलो भएका ऋणीहरुको लगानी रोक्ने,
- पहिचान तथा KYC Verification नागरिकता, PAN, व्यवसाय दर्ता आदि जाँच
- आम्दानीको विश्लेषण मासिक/वार्षिक आय, आम्दानीको स्रोत,
- खर्च तथा दायित्व मूल्यांकन अन्य ऋणहरू, मासिक खर्च,
- क्रेडिट इतिहास जाँच विगतका ऋणहरूको भुक्तानी अवस्था, कालोसूची (Blacklisting) स्थिति,
- धितो (Collateral) मूल्यांकन  जग्गा, घर, सवारी साधन आदि ,बजार मूल्य तथा धितो योग्य मूल्य ,
- व्यवसाय विश्लेषण (व्यावसायिक ऋणमा) व्यवसायको नाफा-नोक्सान, cash flow statement को सुक्ष्म विश्लेषण गर्ने

**ख. स्पष्ट ऋण नीतिहरूः**

- कुन उद्देश्यका लागि ऋण दिने, व्याज दर, किस्ता योजना, जरिवाना आदि स्पष्ट उल्लेख गरिनेछ।
- ऋण सीमा (loan limit) सदस्यको बचत वा सम्पत्ति अनुसार निर्धारण गरिनेछ।
- ऋण सीमा (loan limit) प्रचलित नियम कानुनमा निर्देशन भए बमोजिम कार्यान्वयन गरिनेछ।
- ऋण लगानि तथा असूली कार्यबिधी २०८१ अनुसार ऋण लगानि गरिनेछ।

**ग. किस्ता संकलनमा सघन निगरानी (Installment Monitoring)ः**

- किस्ता कटौतीको लागि मोबाइल रिमाइन्डर, घरमै गएर जानकारी गराउने कार्य गरिनेछ।
- स्वचालित किस्ता कटौती (AUTO–DEBIT) प्रणाली विकास गरिनेछ।
- ऋणीहरुको सुविधाका लागि लगानी भएको कर्जाको साँवा र व्याजलाई एकैसाथ दैनिक रुपमा असुली गर्न आन्तरिक तथा बजार सहायक कर्मचारी परिचालन गरिने छ।
- हरेक ऋणलाई वर्गीकरण गरी कमसल ऋणीलाई आवश्यकता अनुसार नियमित फलोअप गर्न ऋण असुली प्रमुख, ऋण प्रमुख, व्यवस्थापक तथा ऋण उपसमिति समेत परिचालन गरिने छ।
- समय समयमा लगानी गरेको व्यक्तिको व्यापार  व्यवसाय  निरिक्षण गर्ने।
- ऋण  असुली लाई अझ बढी नियमित गराउन ऋण असुली शाखा मार्फत अझ बढी ध्यान केन्द्रित गरिने छ।

**घ. ऋण फिर्ताको लागि उत्प्रेरणा र जरिवाना प्रणालीः**

- ढिलो तिर्ने सदस्यलाई जरिवाना वा ऋण अस्वीकारको नीति लागु गरिनेछ।
- भाखा नाघेका र असुल उपर हुन नसकेका ऋणीहरुको कानूनी प्रक्रिया अनुसार कालो सूचिमा राख्ने र धितो लिलाम गर्ने गरिनेछ ।
- वास्तविक समस्यामा परेका अर्थात परिस्थिति बस ऋणको नियमित किस्ता सावां व्याज तिर्न नसकेका ऋणी सदस्यहरुको पहिचान गरि व्याजमा केही प्रतिशत छुट प्रदान गरि ऋण असुली गर्ने

नीति लिइने छ।

- ऋणको सावां र ब्याजको लागि कुनै कारण बस समयमा भुक्तानी गर्न नसकी थप समय आबश्यक भएका ऋणी सदस्यलाई पुन ऋण भुक्तानीको समय थप गरि मिलान गर्न सकिनेछ।

**ङ. ऋण विमा कार्यक्रम (Loan Insurance):**

- सदस्यको मृत्यु वा अपाङ्गता अवस्थामा ऋण फिर्ती सुनिश्चित गर्न तथा परिवारलाई आर्थिक बोझ नपर्ने वातावरण तयार गर्न बीमा योजना लागु गरिनेछ।
- अघिल्ला वर्ष बाट सम्पूर्ण ऋणी सदस्यहरुको लागी दुर्घटना बिमा संगै विभिन्न रोग तथा कालगति बाट हुन सक्ने मृत्युको समेत बिमा गर्ने व्यवस्था गरिनेछ, साथै उमेरको हद समेत बृद्धि गरि ६० वर्ष देखि ६५ वर्ष सम्मको राखिने छ।

**च. ऋण पुन:संरचना (Loan Restructuring) योजना:**

- विपत (जस्तै: बाढी, रोग, महामारी) का समयमा किस्ता पुन:तालिकिकरण गरिनेछ। अस्थायी रूपमा व्याज घटाउने वा किस्ता अवधि लम्ब्याउने व्यवस्था मिलाईनेछ।

**– तलका अवस्थामा मात्र पुनर्संरचना:**

- व्यवसाय सञ्चालनमा रहेको
- अस्थायी समस्या भएको
- भुक्तानी गर्ने क्षमता रहेको
- ऋण को ब्यबस्थापनमा समस्या भयको

**– निम्न अवस्थामा पुनर्संरचना नहुने:**

- सम्पर्कविहीन ऋणी
- जानाजानी नतिर्ने ऋणी
- झूटा विवरण पेश गर्ने ऋणी
- कानुनी कार्यवाहीमा परेको ऋणी

**छ. नियमित ऋण समीक्षा बैठक:**

- प्रत्येक महिनाको अन्त्यमा ऋण उप समितिको बैठक राखी ऋण नीति र प्रक्रियाहरूको समीक्षा र अद्यावधिक गर्ने।
- खराब ऋण असुली तथा लिलामी सम्बन्धि सम्पूर्ण कामको लागि संचालक समितिको महातहमा रहने गरि ऋण असुली उप-समिति गठन गरियको छ।
- ऋण लिँदा विधिवत् सम्झौता गर्ने, जमानत वा धितो राख्ने व्यवस्था मिलाउने।
- समयमै कानुनी कार्यवाहीका लागि कानुनी परामर्श दाताको नियुक्ति गरियकोले वैकल्पिक विवाद समाधान प्रणाली निर्माण गर्ने।
- डिफल्ट (नतिर्ने) ऋणीहरूको सूची बनाउने र व्यक्तिगत रूपमा सम्पर्क गर्ने।

- ऋण मूल्यांकन र अनुगमन संयन्त्रलाई सुदृढ गर्ने ।
- खराब कर्जा घटाउने र असुलीका लागि रणनीतिहरू विकास गर्ने (जस्तैः नियमित फलो-अप, आवश्यक भएमा कानूनी कार्यवाही आदि) ।
- ऋण असुली अभियानहरू संचालन गर्ने ।

**लगानी व्यवस्थापनः**

लगानी व्यवस्थापन (Investment Management) सहकारी संस्था वा कुनै पनि वित्तीय संस्थाको दीगो वृद्धि र आर्थिक स्थायित्वका लागि अत्यन्त महत्वपूर्ण पक्ष हो । सही तरिकाले लगानी गर्दा संस्थाको आम्दानी बढ्न सक्छ, जोखिम कम हुन्छ र सदस्यलाई थप सेवा दिन सकिन्छ ।

**क. लगानी नीति तथा मापदण्ड बनाउनेः**

➤ स्पष्ट लगानी नीति (Investment Policy) बनाउनेः

- कुन क्षेत्रमा कति प्रतिशत लगानी गर्ने भन्ने कुरा नीतिमा स्पष्ट हुनुपर्छ ।
- जोखिम, लाभांश, तरलता र समयावधिको आधारमा लगानीको प्राथमिकता निर्धारण गर्ने ।
- नगद प्रवाह व्यवस्थापन योजना तर्जुमा गर्ने ।
- संचालन खर्चको विश्लेषण र अनुकूलन गर्ने ।
- नयाँ आम्दानीका स्रोतहरू खोज्ने ।

**ख. विविधिकरण रणनीति (Diversification Strategy):**

➤ एकै क्षेत्र वा परियोजनामा पूरै रकम नलगाई विभिन्न क्षेत्रमा सन्तुलित रूपमा लगानी गर्नेः

- बैंक/वित्तीय संस्थामा निक्षेप
- कृषि तथा साना उद्योग र व्यवसायमा लगानी
- घरजग्गा र अचल सम्पत्तिमा लगानी
- सहकारी आपूर्ति पसल वा उत्पादन केन्द्र
- सवारी साधनमा लगानि गर्ने
- साना साना व्यापार ब्यबसायमा लगानी बृद्धि गर्ने
- सदश्यता बृद्धि तथा शेयर पुजी र बचत रकमको आधारमा ऋण लगानी गर्ने

**ग. जोखिम मूल्याङ्कन (Risk Assessment):**

- लगानी अघि सम्भावित जोखिमहरूको विश्लेषण गर्ने (जस्तैः बजार जोखिम, व्याज दर जोखिम, तरलता जोखिम, पारिवारिक नाता सम्बन्धमा हुने जोखिम ।
- जोखिम न्यूनीकरणको लागि वैकल्पिक योजना तयार राख्ने ।
- धितो जमानी राख्ने जग्गा जमिनमा हकवाला वा अंशियार को विवरण तयार गर्ने वा अध्यन गर्ने ,
- ऋणीको वित्तिय, पारिवारिक तथा सामाजिक अवस्था कस्तो छ सो सम्बन्धमा अध्यन गर्ने ।

**घ. व्यावसायिक लगानी (Productive Investment)ः**

- सदस्यको आयमूलक परियोजनामा लगानीः कृषि, पशुपालन, साना उद्यम, घरेलु उद्योग आदिमा सहुलियत ऋण वा साझेदारी लगानी गर्ने ।

**ङ. लगानी अनुगमन र मूल्याङ्कन (Monitoring & Evaluation)ः**

- नियमित रूपमा लगानीको प्रतिफल (Return on Investment) हेर्ने र प्रगति रिपोर्ट बनाउने ।
- असफल वा कमजोर लगानीबाट समयमै पुँजी झिक्ने नीति राख्ने ।
- उद्देश्य अनुसार ऋण लगानी भएको छ वा छैन अनुगमन गर्ने ।

**च. तरलता व्यवस्थापन (Liquidity Management)ः**

- संस्था संचालनको लागि आवश्यक न्यूनतम तरलता (CASH RESERVE) कायम राख्ने ।
- सबै रकम दीर्घकालीन लगानीमा नराखेर केही रकम छोटो अवधिको लागि सुरक्षित राख्ने ।
- तरलता को लागि VAULT को व्यवस्था भएको ।
- सस्थामा बढी नगद रकमलाई विभिन्न बैंक तथा बित्तीय सस्थामा आवधिक बचत खातामा राखी तरलता व्यवस्था गर्न सकिने छ ।

**छ. लगानीमा पारदर्शिता र जवाफदेहीताः**

- ऋण विभाग बाट सम्पूर्ण ऋणको लागि आवश्यक प्रक्रिया पुर्‍याई ऋण निबेदन लिने ।
- प्रबन्धक बाट सम्पूर्ण प्रक्रिया पुर्‍याई ऋण समितीको बैठकमा पेश गरि निर्णय गराउने र ऋण लगानी गर्ने ।
- सबै लगानीका निर्णयहरु संचालक समितिको निर्णय मार्फत पारदर्शी तरिकाले लिने ।
- सदस्यहरुलाई लगानीबारे जानकारी दिने र आवश्यकता अनुसार सुझाव लिने ।
- लगानी लाई पारदर्शी र जवाफदेहि बनाउनको लागि आवश्यक कागजात संकलन पछि जति सक्दो छिटो ऋण लगानी गर्ने ।

**ज. विशेषज्ञ परामर्शको उपयोगः**

- ठूलो वा जटिल लगानीमा विशेषज्ञ वित्तीय सल्लाहकार वा प्राविधिकको सहयोग लिने ।
- आवश्यक परे लगानी सम्बन्धी तालिम र अध्ययन भ्रमणको व्यवस्था गर्ने ।

## ५.२ सदस्य सेवा र संलग्नता (Membership Services & Engagement)ः

**उद्देश्यहरूः**

सदस्यहरुमा सन्तुष्टि बढाउनु, लगाव बढाउनु र सदस्यता विस्तार गर्नु ।

**मुख्य गतिविधिहरूः**

**क. सदस्य वृद्धि ः**

- लक्षित क्षेत्रमा सदस्यता वृद्धी अभियान संचालन गर्ने ।
- हालका सदस्यहरूका लागि नयाँ सदस्य सिफारिश  कार्यक्रमहरू विकास गर्ने ।
- सम्भावित सदस्यहरूका लागि परिचयात्मक सत्रहरू आयोजना गर्ने ।
- पारिवारिक सदस्यको वृद्धि  गर्न आवश्यक नीति अबलम्बन गर्ने ।

**ख. सदस्य कायम राख्ने र उनीहरुको संलग्नता सुनिश्चित गर्नेः**

- सदस्यहरूलाई सहकारीका गतिविधिहरू र वित्तीय कार्यसम्पादन बारे नियमित रूपमा अद्यावधिक गर्ने (जस्तैः वाट्स एप, न्यूजलेटर, एसएमएस अपडेट, साधारण भेला, साधारण सभा आदि)।
- सदस्य सन्तुष्टि सर्वेक्षण र गुनासो सुनुवाई संयन्त्र संचालन गर्ने ।
- सहकारी सिद्धान्त र वित्तीय साक्षरता बारे सदस्य सचेतना कार्यक्रमहरू आयोजना गर्ने ।
- सहकारी दिवस/सप्ताह मनाउने ।
- सदस्यहरुलाई व्यक्तिगत वित्तीय सल्लाह सेवाहरू प्रदान गर्ने ।
- शैक्षिक प्रोत्साहन पुरस्कार योजना अन्तर्गत शेयर सदस्यका सन्ततिहरु मध्ये कक्षा १२ को वार्षिक परिक्षामा अधिकतम अंक प्राप्त गरि उतिर्ण एक जना छोरा र एकजना छोरी लाई उच्चतम अंकका आधारमा जनही नगद रु. १०,०००/- (दश हजार मात्र) वार्षिक साधारण सभामा प्रमाण पत्र सहित सम्मान गरि पुरस्कृत गरिने छ।
- वार्षिक साधारण सभामा उमेरको आधारमा जेष्ठ शेयर सदस्यलाई मञ्चमा आसिन गराई सम्मान गर्ने । तर एक पटक सम्मान पाइसकेको सदस्यलाई पुनः सम्मान गरिने छैन ।
- शेयर सदस्यलाई स्वास्थ्य सेवा लगायत अन्य सेवाबाट लाभान्वित गराउने उद्देश्यले विभिन्न संस्थाहरु सँग सम्झौता गरी केही प्रतिशत छुटका लागि पहल गर्ने भनि अघिल्लो कर्यजोजना मा उल्लिख गरेपनी कार्यको सुरुवात नभएकोले  यस बर्षबाट सो कार्य सुरुवात गरिनेछ। जसका लागि हरेक सदस्यलाई संस्थाले परिचय-पत्र उपलब्ध गराउने छ।
- संस्थामा रहेको कल्याणकारी कोषमा खुद नाफाबाट रू.२,००,०००/- (दुई लाख मात्र) र कम छुट्र्याईने छ । यो कोषको सुबिधा प्राप्त गर्नका लागि शेयर सदस्य तथा कर्मचारीले कल्याणकारी कोष परिचालान कार्यविधिमा तोकिय बमोजिम रू.१,५००/- हरेक आर्थिक वर्षको सुरुमै अनिवार्य रुपमा बुझाउनु पर्ने छ।
- सामाजिक संस्कार उप-समितिको माध्यमबाट कुनै शेयर सदस्यको घरमा स्वयं शेयर सदस्यको छोराछोरीको जन्म भएमा कल्याणकारी कोष कोषबाट रु.५००/- सम्मको उपहार दिने तथा रु.१,०००/- को वेस्टर्न सहकारीमा खुत्रुके बचत खाता संस्थाकै तर्फबाट सोही दिन खोलि दिने व्यवस्था लाई निरन्तरता दिइने छ।
- संस्थाको चल अचल सम्पति, नगद आदिको सुरक्षणका लागि जोखिम बिमा लाई निरन्तरंता दिएको छ साथै सम्पूर्ण ऋणी सदस्यहरुको लागी  दुर्घटना बिमा  गर्दै अएकोमा यस वर्ष बाट दुर्घटना

संगै विभिन्न रोग तथा कालगति बाट हुन सक्ने मृत्युको समेत बिमा गर्ने व्यवस्था गरिने छ। साथै शेयर सदस्यहरुको समेत बिमा योजना ल्याउने नीति बनाईने छ।

- सहकारी सम्बन्धी विभिन्न ज्ञान लिने र अध्ययन अवलोकनवाट प्राप्त गरेका राम्रा पक्षलाई संस्थामा प्रयोगमा ल्याउने उधेश्यले सहकारीको अध्ययन अवलोकन (आन्तरिक/वाहिय) भ्रमणलाई निरन्तरता दिइने छ।
- संस्थामा संचालनमा रहेका दैनिक बचत खातामा नियम सम्बत रुपमा सदस्यता भए पश्चात दैनिक बचत खाता सदस्यको नाममा खोल्न सकिन्छ, साथै गत वर्ष बाट ६ महिना अबधिको लागि संचालन मा रहेका खातालाई न्यूनतम १ वर्षको लागि संचालनमा ल्याउने व्यवस्था गरिनेछ र यस्ता खाताको सम्बन्धमा नियम सम्बत रुपमा ब्याज भुक्तानी समेत गरिनेछ। नियमित रुपमा उठ्नु पर्ने रकम कुनै कारण नियमित नभएमा एकमुस्ट रुपमा आएको रकमको व्याज गणना गरिने छैन, साथै रु. ५,०००/- भन्दा बढी दैनिक बचत लाई दैनिक बचत नभनी साधारण बचत खाता सरह हिसाब राखिन्छ।
- यस बर्ष देखि लगातार ३ बर्ष साधारण सभामा अनुस्पस्थी हुने सदश्य हरु लाई निष्क्रय सदश्य मानि दाबी नगरियको (unclaim) खाता खोलि राख्ने व्यवस्था गरिने छ।

## ५.३. सुशासन, अनुपालन र जोखिम व्यवस्थापन (Governance, Compliance & Risk Management):

**उद्देश्यहरू:**

प्रभावकारी सुशासन सुनिश्चित गर्नु, नियामक आवश्यकताहरूको पालना गर्नु र संचालन जोखिमहरू न्यूनीकरण गर्नु।

**मुख्य गतिविधिहरू:**

**क. वोर्ड र समिति बैठकहरू:**

- नियमावलीमा व्यवस्था भए अनुसार संचालक समितिका नियमित बैठकहरू आयोजना गर्ने।
- लेखा सुपरिवेक्षण समिति, ऋण उप समिति र अन्य सम्बन्धित समिति बैठकहरू संचालन गर्ने।
- संचालक समिति सदस्यहरूलाई सहकारी सिद्धान्त, वित्तीय व्यवस्थापन र सुशासन बारे क्षमता विकास तालिम प्रदान गर्ने।
- अन्य सरोकारवाला संस्था तथा छाता संगठन संग बैठक गोष्ठि तथा छलफलमा सामेल हुने।

**ख. अनुपालन:**

- सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ र सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण -२०८२, प्रादेशिक सहकारी रजिष्टार कार्यालयका निर्देशनहरूको पालना गर्ने।
- सबै आवश्यक प्रतिवेदनहरू (वित्तीय विवरण, लेखा परीक्षण प्रतिवेदन आदि) समयमै तयार गरी

पेश गर्ने ।

- नियामकिय निकायको परिवर्तन अनुसार कानून र नीतिहरूको समीक्षा तथा अद्यावधिक गर्ने ।

**ग. आन्तरिक नियन्त्रण र लेखा परीक्षणः**

- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृण गर्ने ।
- नियमित आन्तरिक लेखा परीक्षण चौमासिक रुपमा संचालन गर्ने ।
- बाह्यि लेखा परीक्षण प्रक्रियालाई सहज बनाउने ।
- लेखा सुपरिवेक्षण समितिका सुझावहरुको कार्यान्वयन गर्ने ।
- बाह्यि लेखा परीक्षकका प्रतिवेदनका सिफारिसहरू कार्यान्वयन गर्ने ।

**घ. जोखिम व्यवस्थापनः**

- संचालन, वित्तीय र ख्यातिसँग सम्बन्धित जोखिमहरू पहिचान, मूल्यांकन र न्यूनीकरण गर्ने ।
- आपतकालीन रिकभरी (असूली) योजना विकास गर्ने ।
- पर्याप्त बीमा कवरेज सुनिश्चित गर्ने ।
- बचत तथा शेयर वृद्धि लाई प्राथमिकतामा राख्ने ।
- दिर्घकालिन तथा दिगो बचत योजना ल्याउने,

## ५.४. मानव संसाधन र क्षमता विकास (Human Resources & Capacity Building):

**उद्देश्यहरू:**

दक्ष र उत्प्रेरित जनशक्ति विकास गर्नु ।

**मुख्य गतिविधिहरू:**

**क. कर्मचारी छनोट गर्ने र स्थायित्व कायम राख्ने :**

- संगठनात्मक आवश्यकता र बजेट अनुसार कर्मचारी भर्ना गर्ने ।
- उचित पारिश्रमिक र सुविधा नीतिहरू विकास गर्ने ।
- कर्मचारी प्रोत्साहन र मान्यता कार्यक्रमहरू लागू गर्ने ।
- कर्मचारी भर्ना गर्दा संस्थाको कर्मचारी प्रशासन विनियमावली अवलम्वन गर्ने ।

**ख. तालिम र विकासः**

- कर्मचारीहरूको तालिमको आवश्यकता पहिचान गर्ने (जस्तैः सदस्य सेवा, ऋण मूल्यांकन, लेखा, सफ्टवेयर, वित्तीय साक्षरता आदि)।
- सम्बन्धित तालिम कार्यक्रमहरू आयोजना गर्ने ।
- नियमित कार्यसम्पादन मूल्यांकन संचालन गर्ने ।
- अन्य प्रतिष्ठित सहकारी संस्थाहरुको अध्ययन अबलोकनको लागि पठाउने ।

**ग. कर्मचारी कल्याणः**

- सकारात्मक र स्वस्थ कार्य वातावरण प्रवर्द्धन गर्ने ।
- श्रम कानूनको पालना सुनिश्चित गर्ने ।
- सामाजिक सुरक्षा कोषमा समाबेस भएको,
- कर्मचारीहरुको तलब ग्रेड तथा सुविधालाई संस्थाको कर्मचारी नियमावली अनुसार तह र पद मिलान गरिएको छ ।

## ५.५. प्रविधि र पूर्वाधार विकास (Technology & Infrastructure Development):

**उद्देश्यहरूः**

कुशल संचालन र सुधारिएको सेवा वितरणका लागि प्रविधिको उपयोग गर्नु ।

**मुख्य गतिविधिहरूः**

**क. सफ्टवेयर र प्रणालीहरूः**

- हालको सहकारी सफ्टवेयरको मूल्यांकन र अपग्रेड गर्ने ।
- सम्भाव्यता र सदस्य आवश्यकताको आधारमा नयाँ प्रविधिहरू (जस्तैः अनलाइन बैंकिङ, मोबाइल भुक्तानी प्रणाली) नीतिको लागि विकल्पहरु खोज्ने ।

**ख. हार्डवेयर र नेटवर्कः**

- पर्याप्त कम्प्युटर र यसको नेटवर्क पूर्वाधार सुनिश्चित गर्ने ।
- डाटा ब्याकअप र सुरक्षा उपायहरू लागू गर्ने ।

## ५.६. सामाजिक उत्तरदायित्व र सामुदायिक संलग्नता (Social Responsibility & Community Engagement):

**उद्देश्यहरूः**

सहकारी सिद्धान्तहरू पालना गर्नु र सामुदायिक विकासमा योगदान पुऱ्याउनु ।

**मुख्य गतिविधिहरूः**

**क. वित्तीय साक्षरता कार्यक्रमहरूः**

- बचत गर्ने बानी, ऋण व्यवस्थापन र वित्तीय योजना बारे सदस्यहरू र समुदायका लागि तालिम तथा कार्यशालाहरू आयोजना गर्ने ।

**ख. सामुदायिक सहयोगः**

- समुदायका लागि सरसफाई अभियान, स्वास्थ्य शिविर, रक्तदान कार्यक्रमहरू सन्चालन गर्ने ।
- रेडियो, टिभी तथा पत्र पत्रिकाको माध्यमबाट सामाजिक सन्देश प्रसारण गर्ने ।

- असहाय व्यक्तिहरुको संरक्षण र सम्वर्धनमा समर्पित संस्थाहरुलाई आर्थिक सहयोग गर्ने ।

**ग. वातावरणीय पहलहरूः**

- सहकारी भित्र वातावरण मैत्री अभ्यासहरू प्रवर्द्धन गर्ने ।

**६. संगठनात्मक संरचना र भूमिकाहरू (Organizational Structure & Roles):**

संस्थाको प्रशासनिक संरचना

क) संचालक समितिका पदाधिकारीहरु तथा सदस्यहरु सबैको संचालक समितिले कार्य बिभाजन गर्ने छ। सो अन्तर्गत कर्मचारी तथा दैनिक प्रशासनिक कार्यको निर्देशन, नियन्त्रण, अनुगमनले दैनिक कार्य संचालनमा सहयोग र सहकार्य हुने छ।

ख) संचालक समितिको अधिनमा रहने गरी  कर्मचारी प्रशासन नियमावली -२०८१ का अधिनमा रहि निम्न अनुसारको कर्मचारी संगठनात्मक संरचना हुनेछ।

ग) संस्थालाई आवश्यक परेमा संचालक समितिको निर्णय अनुसार वार्षिक बजेटको परिधि भित्र रहि हालको कर्मचारी संरचनामा नै करार सेवामा कर्मचारीहरु नियुक्त गर्न सकिने छ।



## ७. बजेट विनियोजन (Budget Allocation):

| बजेट खण्ड | | | | |
|---|---|---|---|---|
| अनुमानित वित्तिय स्थिती विवरण | | | | |
| शीर्षकहरु | आ.ब. २०८२/०८३ लक्ष्य | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ प्रस्तावित बजेट | |
| | लक्ष्य | प्रगति | बजेट | प्रतिशत परिबर्तन |
| शेयर हिसाब | १०८,०५२,२७२ | १०६,११७,२०० | १०८,२३९,५४४ | |
| कोष हिसाब, अन्य | २६,६५४,०८४ | २,०८,८६,८७१ | ३,६५,१४,४९२ | |
| जगेडा कोष | ३१,१७७,४८६ | ३१४१६९६३ | ३,५६,२६,१७० | |
| बचत  निक्षेप | ५१५,३६४,५६९ | ४३८,०७४,६७१ | ४८१,८८२,१३८ | |
| चालु दायित्व | ३,६७२,००० | २,९२४,०७७ | ९५०,००० | |
| **कुल जम्मा** | **६८४,९२०,४११** | **५९९,४१९,७८२** | **६६३,२१२,३४४** | |
| स्थिर सम्पति | १७,१२०,६०५ | १६,५०८,४९८ | १७,३३३,९२३ | |
| सदस्यहरुलाई ऋण लगानी | ५३९,९८७,८०५ | ४३८,२६५,८४२ | ५२५,९१९,०१० | |
| शेयर लगानी | २०७,००० | २०७,००० | २०७,००० | |
| चालु सम्पति | ६१९,१९२ | १,००३,१९४ | ७३०,००० | |
| नगद वा नगद सरह | १,०००,००० | ३७८,०१८ | १,०००,००० | |
| पाउनु पर्ने हिसाब | ६००,००० | - | १,६३५,००० | |
| बैंक हिसाब | १२४,४३५,८०९ | १४२,३०१,९०५ | ११५,७३६,४११ | |
| अन्य चालु सम्पति | ९५०,००० | ७५५,३२५ | ६५१,००० | |
| कुल जम्मा | **६८४,९२०,४११** | **५९९,४१९,७८२** | **६६३,२१२,३४४** | |

**बचत निक्षेप संकलन**

| क्र.स. | बचत को नाम | आ.व. २०८२/०८३ | | Weight | प्रतिशत बृद्धि | आ.व. ०८३/०८४ प्रस्तावित बजेट |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | | |
| १ | मासिक बचत | १५,२४५,५८६ | १३,१६४,१३६ | ०.०३ | १०.०० | १४,४८०,५५० |
| २ | दम्पति बचत खाता | १,५००,००० | - | - | - | - |
| ३ | खुत्रुके बचत/बाल बचत | ४,६७५,५८० | ३,०००,९५० | ०.००७ | १०.०० | ३,३०१,०४५ |
| ४ | बिशेष बचत | ४५,८२३ | ३७,२१८ | - | १०.०० | ४०,९४० |
| ५ | आवधिक बचत | २४०,०५२,१२४ | १८३,९१४,२५८ | ०.४२ | १०.०० | २०२,३०५,६८४ |
| ६ | कर्मचारी तलब बचत | १,२९०,२३२ | ६९६,७१४ | ०.००२ | १०.०० | ७६६,३८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | दैनिक बचत | ११२,२६९,७९१ | ९८,५७८,०६९ | ०.२२५ | १०.०० | १०८,४३५,८७६ |
| ८ | नर्मल बचत | १३८,४३५,४३३ | १३६,६९०,०२३ | ०.३ | १०.०० | १५०,३५९,०२५ |
| ९ | ऋण बचत | १,८५०,००० | १,९९३,३०३ | ०.००५ | १०.०० | २,१९२,६३३ |
| | जम्मा | ५१५,३६४,५६९ | ४३८,०७४,६७१ | १.०९० | १०.०० | ४८१,८८२,१३८ |

**ऋण लगानीको क्षेत्रगत विभाजन**

| क.स. | लगानीका क्षेत्रहरु | लक्ष्य | प्रगति | Weight | प्रतिशत बृद्धि | बजेट २०८३/०८४ |
|---|---|---|---|---|---|---|
| १ | ब्यापार कर्जा | १२८,८४१,१४२ | १२०,४६३,२२२ | ०.२७ | १५.४८ | १३९,११६,०२२ |
| २ | हायर पर्चेज कर्जा | ४,४००,००० | १,९२५,९९८ | ०.०० | २०.०० | २,३११,१९८ |
| ३ | घर जग्गा कर्जा | ३३८,८४०,४५२ | २७८,९१०,८४० | ०.६४ | २०.०० | ३३४,६९३,००८ |
| ४ | बैदेशिक रोजगार कर्जा | ३,५००,००० | - | - | - | ३,२००,००० |
| ५ | शैक्षिक कर्जा | ३,२००,००० | - | - | - | १,७५०,००० |
| ६ | ब्यक्तिगत कर्जा | १४,६००,००० | १५,४७६,४८४ | ०.०४ | (०.८६) | १५,२००,८१४ |
| ७ | बिशेष कर्जा | ५,२२३,२६० | ११,८६४,६६० | ०.०३ | २०.०० | १४,२३७,५९२ |
| ८ | कृषि कर्जा | १०,४०६,३६८ | ८४४,३७८ | ०.०० | २०.०० | १,०१३,२५४ |
| ९ | आबधिक धितो कर्जा | १०,३०७,२०१ | ८,७८०,२६० | ०.०२ | २०.०० | १०,५३६,३१२ |
| १० | लघु ब्यवसायीक कर्जा | १,०००,००० | - | - | - | - |
| | **जम्मा** | ५२०,३१८,४२३ | ४३८,२६५,८४२ | १.०० | | ५२५,९१९,०१० |

**आ.व.२०८३/०८४ आम्दानी**

| क.स. | शिर्षक | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | |
|---|---|---|---|---|---|
| | | **लक्ष्य** | **प्रगति** | **प्रगति %** | **प्रस्तावित बजेट** |
| १ | बैंकवाट ब्याज प्राप्त | ३,२७५,००० | २,२६५,१९१ | (४५.४८) | १,२३५,००० |
| २ | लगानी वाट ब्याज प्राप्त | ६९,२००,००० | ५७,२५२,८७२ | १६.७६ | ६६,८४८,७५५ |
| ३ | हर्जाना | ७३१,८५२ | ३५८,०२६ | २६.०४ | ४५१,२५० |
| ४ | एस.एम.एस.शुल्क | २६०,००० | २२१,१९८ | २६.६७ | २८०,२०० |
| ५ | निबेदन शुल्क | २६०,००० | २१९,२०० | २०.०० | २६३,०४० |
| ६ | कर्जा व्यवस्थापन शुल्क | ४,३६५,४७० | ३,७७५,५५० | २०.०० | ४,५३०,६६० |
| ७ | मसलन्द शुल्क | ५२०,००० | ४३९,८०० | २०.०० | ५२७,७६० |
| ८ | बिबिध आम्दानी | १६०,००० | १३२,९९० | २०.०० | १५९,५८८ |
| ९ | मोबाईल बैंकिंग आम्दानी | २१०,१९७ | १६१,५०० | २०.०० | १९३,८०० |
| १० | खाता बन्द शुल्क | १२,३५० | १६,५०४ | (२०.००) | १३,२०३ |
| ११ | ऋणको बिमा आम्दानी | ७६२,८८९ | ८७२,९०८ | २०.०० | १,०४७,४९० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | शो रूम कमिसन | १२,५०० | १०,००० | २०.०० | १२,००० |
| १३ | कानुनी प्रक्रियागत आम्दानी | ७४,५८० | २६,०८० | २०.०० | ३१,२९६ |
| १४ | मोवाईल बैंकिंग शुल्क | ११,००० | - | - | - |
| १५ | **भू सेवा आम्दानी** | – | – | | **१५०,०००** |
| | **जम्मा आम्दानी** | **७९,८५५,८३८** | **६५,७५१,८१९** | | **७५,७४४,०४२** |

**आ. व. २०८३/०८४ को अनुमानित खर्च**

| **क्र.स.** | **शिर्षक** | **आ.व. २०८२/०८३** | | **आ.व. २०८३/०८४** |
|---|---|---|---|---|
| | | **लक्ष्य** | **प्रगति** | **प्रस्तावित बजेट** |
| **खर्च (क)** | | | | |
| १ | कर्मचारी तलब खर्च | ४,२५८,४५२ | ४,६७१,८१२ | ६,६२०,१२६ |
| २ | ऋणअसुली प्रमुख | ५८५,००० | ३३१,३६० | - |
| ३ | कर्मचारी चाडपर्ब खर्च | ४०६,८८४ | ३६,००० | ५५,००० |
| ४ | कर्मचारी खाजा खर्च | ४२०,००० | ४२०,००० | ४६२,००० |
| ५ | पोसाक खर्च | १८०,००० | १७५,८२७ | १८२,००० |
| ६ | बजार सहायक कर्मचारी तलब खर्च | ४,२३२,००० | ३,४६८,३३० | ३,२४०,००० |
| ७ | बजार सहायक प्रर्बद्धन खर्च | - | १,३७०,१७२ | १,५९८,५०२ |
| ८ | कर्मचारी पुर्नताजगी खर्च | १२९,००० | ४५,४३५ | ८०,००० |
| ९ | घर भाडा | ८४०,७४४ | ८४०,७४५ | ८४०,७४४ |
| १० | स्टेसनरी, मसलन्द तथा छपाई खर्च | ३८०,००० | ३३७,५७५ | ३८०,००० |
| ११ | टेलिफोन तथा नेट | ८०,००० | ५७,४८८ | ६४,८०० |
| १२ | मर्मत तथा सम्भार | १५०,००० | १००,३२७ | १२०,००० |
| १३ | बैठक भत्ता | १,२८७,५०० | १,०५१,००० | १,११४,७७५ |
| १४ | पानी खर्च | १८,००० | ११,६०० | १५,००० |
| १५ | भैपरी आउने खर्च | ५०,००० | - | ५०,००० |
| १६ | एस.एम.एस. प्रणाली खर्च | १८०,००० | ९५,५९८ | १४०,००० |
| १७ | पत्रपत्रिका खर्च | ३,५०० | - | ३,५०० |
| १८ | प्रर्बद्धन खर्च | ५०,००० | ४८,५०० | ५०,००० |
| १९ | बिबिध खर्च | ९५,००० | १३८,११० | १४०,००० |
| २० | अतिथि सत्कार खर्च | १७०,००० | १२२,५६९ | १६५,००० |
| २१ | सफ्टवेयर नबिकरण चार्ज | १३५,६०० | १३९,००० | १३९,००० |

| | | | | |
|---|---|---|---|---|
| २२ | लेखा परिक्षण खर्च | ३००,००० | ३३९,००० | २५०,००० |
| २३ | साधारण सभा खर्च | ६२३,५२९ | ३५०,११७ | ६३५,००० |
| २४ | बिमा खर्च सम्पति | १८५,००० | १६०,०१० | १८५,००० |
| २५ | कानुनी खर्च | ४१५,००० | ३७३,०९० | ४२०,००० |
| २६ | बिद्युत खर्च | ३१२,००० | २९०,४०० | ३१२,००० |
| २७ | इन्धन खर्च | १२६,००० | १२३,८७० | १६८,००० |
| २८ | अन्य खाजाखर्च (बैठक तथा आमन्त्रित) | १२०,००० | ५५,८६५ | ८५,००० |
| २९ | सुरक्षा गार्ड तलब | २३५,९५० | २४६,१०९ | २३५,९५० |
| ३० | बैंक चार्ज (कालो सुची ) | १६४,९८० | ३०,९७८ | ६५,००० |
| ३१ | ऋणको बिमा बापत खर्च | १,१३९,०९७ | १,१६०,८२५ | १,१८०,२५० |
| ३२ | स्थगन कर खर्च | - | ५,२५१ | - |
| ३३ | कर्मचारी बोनस कोष खर्च | १,८५०,०९६ | - | १,५००,००० |
| | जम्मा (क) | १९,१२३,३३२ | १७,४४६,९४९ | २०,४९६,६४७ |
| **ब्याज खर्च** (ख) | | | | |
| ३४ | मासिक बचत | १,०६७,१९१ | ८१२,७३३ | ७१५,००० |
| ३५ | दैनिक बचत | ६,५७२,३५९ | ५,८५३,९५९ | ५,७३३,२६९ |
| ३६ | बाल बचत/ खुत्रुके बचत | २६६,७८० | १२४,११५ | १०२,५२६ |
| ३७ | जेष्ठ नागरिक बचत | १२,००० | - | १२,००० |
| ३८ | बिशेष बचत | - | १,०५० | १,२२८ |
| ३९ | साधारण बचत | ५,५३६,५४० | ४,३२४,५८६ | ५,४२३,२३१ |
| ४० | आवधिक बचत | १९,२२७,४५० | २०,७७६,२०० | १५,२०१,२४० |
| | **जम्मा खर्च** (ख) | **३२,६८२,३२०** | **३१,८९२,६४३** | **२७,१८८,४९४** |
| **अन्य खर्च** (ग) | | | | |
| ४१ | सामाजिक सुरक्षा कोष खर्च | ५१६,२७६ | ५८६,२०० | ७३२,७८० |
| ४२ | कल्याणकारी कोष खर्च | २००,००० | - | २००,००० |
| ४३ | कर्जा जोखिम कोष खर्च | ३,२००,००० | १८०४९४८ | १,६००,००० |
| ४४ | आयकर खर्च | २,७००,७०७ | २०८७२६ | ४,०००,००० |
| ४५ | ह्रास कट्टी खर्च | ८५०,००० | ५९९८१५ | ६५०,००० |
| | **जम्मा** (ग) | **७,४६६,९८३** | **४,९९९,६८९** | **७,१८२,७८०** |
| | **कुल जम्मा** (क+ख+ग) | **५९,३१२,७८९** | **५४,३३९,२८१** | **५४,८६७,९२१** |
| | **खुद नाफा** | २०,५४३,०४९ | ११,४१२,५३८ | २०,८३६,८२८ |

## ८. आकस्मिक योजना (Contingency Plan):

**सम्भावित जोखिमहरू**

आर्थिक मन्दी, प्राकृतिक प्रकोप, ऋण असुली समस्या र त्यसलाई न्यूनीकरण गर्ने रणनीतिहरू उल्लेख गर्ने ।

## ९. अनुसूचीहरू (Annexes):

**बचतको व्याजदर**

गत आर्थिक वर्षमा विभिन्न बचतहरुमा दिँदै आएको व्याजदर यस वर्ष देहाय बमोजिम परिवर्तन गरिएको छ।

| बचत शिर्षक | समय | व्याज दर (गत वर्ष) | व्याज दर (यस वर्ष) |
|---|---|---|---|
| साधारण बचत | वार्षिक | ४ प्रतिशित | ३ प्रतिशत |
| दैनिक बचत | १ वर्ष | ६.५ प्रतिशत | ६.५ प्रतिशत |
| दैनिक बचत | ६ महिना | ६ प्रतिशत | ६ प्रतिशत |
| आवधिक बचत | ६ महिना देखि १ वर्ष सम्म | ६ देखि ८ प्रतिशत | ५ देखि ७ प्रतिशत सम्म |
| खुत्रुके बचत | वार्षिक | ४ प्रतिशत | ३ प्रतिशत |
| बिशेष बचत | वार्षिक | ४ प्रतिशत | ३ प्रतिशत |
| मासिक बचत | वार्षिक | ७ प्रतिशत | ५ प्रतिशत |
| जेष्ठ नागरिक बचत | वार्षिक | ४ प्रतिशत | ४ प्रतिशत |
| दम्पति बचत खाता | वार्षिक | ४ प्रतिशत | ४ प्रतिशत |

### ऋण लगानीको व्याज दर

| लगानी सिषक | समय | व्याज दर | भुक्तानी अबधि |
|---|---|---|---|
| व्यापार, व्यवसाय कर्जा | वार्षिक | १०-१३ % | १ देखी २ वर्ष सम्म |
| घर जग्गा खरिद कर्जा | वार्षिक | १०- १३% | ७ वर्ष सम्म |
| गाडी कर्जा | वार्षिक | १०- १३% | ७ वर्ष सम्म |
| बिशेष कर्जा | वार्षिक | १०-१६ % | ३ महिना |
| आबधिक धितो कर्जा | आबधिक | आबधिक प्लस २% | आबधिक समय |
| कृषि कर्जा | वार्षिक | १०-१३% | ७ वर्ष सम्म |
| लघु कर्जा | वार्षिक | १०-१३% | १ वर्ष सम्म |
| कर्मचारी सहुलियत कर्जा | वार्षिक | आधार दर प्लस ०.५% | ५ वर्ष |

## संचालक समिती तथा अन्य उप-समिती बैठक भत्ता

| क्र.स | समिति/ उप-समिति | संख्या | समिती सदस्य | वार्षिक उपस्तिथी संख्या | भत्ता दर | जम्मा भत्ता | कर कट्टी १५% | भुक्तानी हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | संचालक समिती | १८ | ७ | १२६ | ५,००० | ६३०,००० | ९४,५०० | ५३५,५०० |
| २ | लेखा समिती | १२ | ३ | ३६ | ५,००० | १८०,००० | २७,००० | १५३,००० |
| ३ | ऋण उपसमिती | ५२ | ५ | २६० | १,००० | २६०,००० | ३९,००० | २२१,००० |
| ४ | शिक्षा उपसमिती | ३ | ३ | ९ | १,००० | ९,००० | १,३५० | ७,६५० |
| ५ | वार्षिक कार्ययोजना उपसमिती | ७ | ५ | ३५ | १,५०० | ५२,५०० | ७,८७५ | ४४,६२५ |
| ६ | ऋण असुली उपसमिती | १२ | ५ | ६० | १,००० | ६०,००० | ९,००० | ५१,००० |
| ७ | अन्य आमन्त्रित सदस्य बैठक भत्ता | ३० | २ | ६० | २,००० | १२०,००० | १८,००० | १०२,००० |
| | जम्मा | | | | | १३,११,५०० | १९६,७२५ | ११,१४,७७५ |

| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |
|---|---|---|---|---|
| श्री अजय कुमार शर्मा | श्री प्रकाश लामिछाने | श्री संतोष बाबु सुबेदी | श्री मेहर सिंह खत्री | श्री थानिश्वर पाण्डेय |

# १७ औं वार्षिक साधारण सभामा

## लेखा सुपरिवेक्षण समितीको तर्फबाट प्रस्तुत

## आ.व.२०८२/२०८३ को प्रतिवेदन

**१७ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू,**

संस्थाको गरिमामय वार्षिक साधारण सभामा उपस्थित संचालक ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका सदस्य ज्यूहरु, सल्लाकार ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु तथा कर्मचारी साथीहरु लगाएत सम्पूर्ण शेयर सदस्य ज्यूहरु मा लेखा सुपरिवेक्षण समिती साथै मेरो व्यक्तिगत तर्फवाट समेत सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु।

सर्व प्रथम संस्थाको १४ औं वार्षिक साधारण सभा बाट यस वेष्टर्न वचत तथा ऋण सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिमा ४ वर्षका लागी सर्वसम्मत रूपमा जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण शेयर सदस्यहरू प्रति पुनः आभार व्यक्त गर्दै सहकारी मा वित्तिय अनुशासन कायम गराइ पारदर्शी र ऐन तथा निति र बिधान निर्देशित सहकारी निर्माणका लागि हर सम्भव प्रयत्नरत रहेको कुरा एक पटक फेरी अवगत गराउन चाहन्छौं।

यस वेष्टर्न बचत तथा ऋण सहकारी संस्थाको ऐन नियम तथा निति कार्य र समग्र काम कारवाहीको अध्ययन विश्लेषण गर्दा पाइएका सुधारात्मक पक्षहरू भए त्यसमा गर्नुपर्ने सुधारका लागि आवश्यक सुझाव, सल्लाह र पृष्ठपोषण दिइ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुष्त कायम गर्ने सहकारी कानुन,नियमावली, निति तथा कार्य विधिहरूको निर्माण तथा पालनाको लागि संचालक समिति र व्यवस्थापन लाई नियमित पृष्ठपोषण प्रदान गर्ने कार्यभार एंव दायित्व प्राप्त भएकोमा हामीले यो २ वर्षको अवधिमा कटिवद्ध भएर असल प्रयास गरेका छौ। वेष्टर्न साकोस को १४ औं वार्षिक साधारण सभाले उक्त जिम्मेवारी दिए पश्चात उपलब्ध स्रोत साधन र क्षमताको पहिचान एंव उपयोग गर्दै आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छौ। वेष्टर्न साकोसको वित्तिय व्यवस्थापन कार्य संचालनका कानुनि तथा नितीगत र सामाजिक क्षेत्रको प्रभावकारी रूपमा शुक्ष्म ढंगले अनुगमन निरीक्षण र सुपरिवेक्षण गरि हाम्रो ज्ञान, सिप र क्षमताले भ्याएसम्म सम्मानित साधारण सभाले हामी माथि गरेको विश्वास लाई निरन्तर कायम राख्न हर सम्भव प्रयास गरिरहेका छौ। लेखा सुपरिवेक्षण कार्यमा आवश्यक स्रोत, साधन र सुचनाको उचित व्यवस्थापन समयमै गरिदिएर संचालक समिति र व्यवस्थापन समुहले पुर्‍याएको सहयोग प्रति हामी आभारी छौ। आन्तरिक लेखा परिक्षणको सिलसिलामा देखिएका र भइरहेका गतिविधि वारे वुदागत रुपमा आजको यस सम्मानित साधारण सभामा प्रतिवेदन मार्फत सभासद हरुमा जानकारी गराउन चाहान्छु।

आदरणीय शेयर सदस्य ज्यूहरु,

संस्थाले विगत एक वर्षमा कर्जा लगानी र कर्जा असुलीलाई विशेष ध्यान राख्दै प्रभावकारी वित्तिय परिचालन र नियन्त्रणमा विभिन्न कानुनी तथा व्यवहारीक प्रक्रियाद्वारा खराब कर्जालाई विगत वर्षको तुलनामा निकै कम गर्न सफल भएकोमा सरोकारवाला सम्पूर्ण मा धन्यवाद व्यक्त गर्दै निरन्तरताको अपेक्षा समेत गर्दछौं।

**१. अघिल्लो साधारण सभाको निर्णय र कार्यान्वयन अवस्था–**

गतवर्ष सम्पन्न भएको १६**औं वार्षिक साधारण सभा** ले गरेका प्रायजसो नितिहरु कार्यान्वयनमा आइसकेको छ।

२. **निर्णय पुस्तिकाको अध्ययन तथा संचालक समितिको निर्णय र कार्यान्वयन अवस्था–**

यस संस्थाको आन्तरिक लेखा परिक्षणको क्रममा साधारण सभा, संचालक समिति, उपसमितिहरु तथा अन्य विषयगत समितिका निर्णयहरु अध्ययन गरि पाइएका त्रुटी तथा कैफियत सुधारका लागी सुझाव दिने गरिएको छ। २०८२ श्रावण देखि २०८३ आषाढ मसान्त सम्ममा संचालक समितिको बैठक निम्नानुसार वसेको पाइयो।

| क्र. सं. | मिति | सञ्चालक समिति संख्या | बैठकमा उपस्थित संख्या |
|---|---|---|---|
| १ | २०८२/०४/०९ | ७ | ६ |
| २ | २०८२/०४/२७ | ७ | ५ |
| ३ | २०८२/०५/११ | ७ | ६ |
| ४ | २०८२/०५/३१ | ७ | ७ |
| ५ | २०८२/०६/२८ | ७ | ७ |
| ६ | २०८२/०७/२८ | ७ | ६ |
| ७ | २०८२/०८/१० | ७ | ६ |
| ८ | २०८२/०८/२५ | ७ | ७ |
| ९ | २०८२/०९/०९ | ७ | ५ |
| १० | २०८२/०९/२२ | ७ | ७ |
| ११ | २०८२/१०/०८ | ७ | ७ |
| १२ | २०८२/१०/२७ | ७ | ५ |
| १३ | २०८२/११/१२ | ७ | ६ |
| १४ | २०८२/११/३० | ७ | ७ |
| १५ | २०८२/१२/२३ | ७ | ५ |
| १६ | २०८३/०१/०९ | ७ | ६ |
| १७ | २०८३/०१/१६ | ७ | ५ |

| | | | |
|---|---|---|---|
| १८ | २०८३/०२/०५ | ७ | ७ |
| १९ | २०८३/०३/०५ | ७ | ७ |
| २० | २०८३/०३/२२ | ७ | ७ |
| २१ | २०८३/०३/३१ | ७ | ४ |

आव २०८१/२०८२ को समिक्षा अवधिमा संचालक समितिले गरेको निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाइयो ।

**३. वार्षिक बजेट स्वीकृत सिमा र कार्यान्वयन अवस्थाः**

३.१. संस्थाको गतवर्ष २०८१/०६/१९ गते सम्पन्न १५ औं वार्षिक साधारण सभाले आ.व. २०८१/२०८२ को लागि स्वीकृत बजेट विवरण र वास्तविक प्रगति यस प्रकार छ।

**क) पुँजी संकलन तथा पुँजी परिचालन**

| शिर्षक | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|
| शेयर पुँजी | १०५,९३३,६००/- | १०६,११७,२०० |
| जगेडा कोष | २८,३५९,०३३/- | ३१,४१६,९६३ |
| अन्य कोष | १९,९०६,५१५/- | २०,८८६,८७१ |
| बचत निक्षेप | ४६९,७८८,५९४/- | ४३८,०७४,६७१ |

| शिर्षक | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|
| नगद मौज्दात | ३९९,८४३/- | ३७८,०१८ |
| बैंक मौज्दात | १५१,७३३,६३५/- | १४२,३०१,९०५ |
| शेयर लगानी | २०७,०००/- | २०७,००० |
| ऋण लगानी | ४५३,८५०,१५०/- | ४३८,२६५,८४२ |
| स्थिर सम्पति | १६,५०३,६३५/- | १६,५०८,४९८ |

## वार्षिक रुपमा स्वीकृत बजेट, खर्च शीर्षक र रकम विवरण

## ख) आय तथा व्यय

| शीर्षक | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|
| कुल आम्दानी | ७०,१६०,६६२/- | ६५,७५१,८१९ |
| कुल खर्च | ५९,४५२,५५०/- | ५४,३३९,२८१ |
| कुल बचत | १०,७०८,११२/- | ११,४१२,५३८ |

| क्र.स. | शिर्षक | आ.व. २०८२/०८३ | |
|---|---|---|---|
| | | लक्ष्य | प्रगति |
| १ | बैंकवाट व्याज प्राप्त | ३,२७५,००० | २,२६५,१९१ |
| २ | लगानी वाट व्याज प्राप्त | ६९,२००,००० | ५७,२५२,८७२ |
| ३ | हर्जाना | ७३१,८५२ | ३५८,०२६ |
| ४ | एस.एम.एस.शुल्क | २६०,००० | २२१,१९८ |
| ५ | निबेदन शुल्क | २६०,००० | २१९,२०० |
| ६ | कर्जा व्यवस्थापन शुल्क | ४,३६५,४७० | ३,७७५,५५० |
| ७ | मसलन्द शुल्क | ५२०,००० | ४३९,८०० |
| ८ | बिबिध आम्दानी | १६०,००० | १३२,९९० |
| ९ | मोबाईल बैंकिंग आम्दानी | २१०,१९७ | १६१,५०० |
| १० | खाता बन्द शुल्क | १२,३५० | १६,५०४ |
| ११ | ऋणको बिमा आम्दानी | ७६२,८८९ | ८७२,९०८ |
| १२ | शो रूम कमिसन | १२,५०० | १०,००० |
| १३ | कानुनी प्रक्रियागत आम्दानी | ७४,५८० | २६,०८० |
| १४ | मोवाईल बैंकिंग शुल्क | ११,००० | - |
| १५ | **भू सेवा आम्दानी** | – | – |
| | **जम्मा आम्दानी** | **७९,८५५,८३८** | **६५,७५१,८१९** |

| क्र.स. | शिर्षक | आ.व. २०८२/०८३ | |
|---|---|---|---|
| | | लक्ष्य | प्रगति |
| **खर्च** (**क**) | | | |
| १ | कर्मचारी तलब खर्च | ४,२५८,४५२ | ४,६७१,८१२ |
| २ | ऋणअसुली प्रमुख | ५८५,००० | ३३१,३६० |
| ३ | कर्मचारी चाडपर्ब खर्च | ४०६,८८४ | ३६,००० |
| ४ | कर्मचारी खाजा खर्च | ४२०,००० | ४२०,००० |
| ५ | पोसाक खर्च | १८०,००० | १७५,८२७ |
| ६ | बजार सहायक कर्मचारी तलब खर्च | ४,२३२,००० | ३,४६८,३३० |
| ७ | बजार सहायक प्रर्बद्धन खर्च | - | १,३७०,१७२ |
| ८ | कर्मचारी पुर्नताजगी खर्च | १२९,००० | ४५,४३५ |
| ९ | घर भाडा | ८४०,७४४ | ८४०,७४५ |
| १० | स्टेसनरी, मसलन्द तथा छपाई खर्च | ३८०,००० | ३३७,५७५ |

| | | | |
|---|---|---|---|
| ११ | टेलिफोन तथा नेट | ८०,००० | ५७,४८८ |
| १२ | मर्मत तथा सम्भार | १५०,००० | १००,३२७ |
| १३ | बैठक भत्ता | १,२८७,५०० | १,०५१,००० |
| १४ | पानी खर्च | १८,००० | ११,६०० |
| १५ | भैपरी आउने खर्च | ५०,००० | - |
| १६ | एस.एम.एस. प्रणाली खर्च | १८०,००० | ९५,५९८ |
| १७ | पत्रपत्रिका खर्च | ३,५०० | - |
| १८ | प्रर्बद्धन खर्च | ५०,००० | ४८,५०० |
| १९ | बिबिध खर्च | ९५,००० | १३८,११० |
| २० | अतिथि सत्कार खर्च | १७०,००० | १२२,५६९ |
| २१ | सफ्टवेयर नबिकरण चार्ज | १३५,६०० | १३९,००० |
| २२ | लेखा परिक्षण खर्च | ३००,००० | ३३९,००० |
| २३ | साधारण सभा खर्च | ६२३,५२९ | ३५०,११७ |
| २४ | बिमा खर्च सम्पति | १८५,००० | १६०,०१० |
| २५ | कानुनी खर्च | ४१५,००० | ३७३,०९० |
| २६ | बिद्युत खर्च | ३१२,००० | २९०,४०० |
| २७ | इन्धन खर्च | १२६,००० | १२३,८७० |
| २८ | अन्य खाजाखर्च (बैठक तथा आमन्त्रित) | १२०,००० | ५५,८६५ |
| २९ | सुरक्षा गार्ड तलब | २३५,९५० | २४६,१०९ |
| ३० | बैंक चार्ज (कालो सुची ) | १६४,९८० | ३०,९७८ |
| ३१ | ऋणको बिमा बापत खर्च | १,१३९,०९७ | १,१६०,८२५ |
| ३२ | स्थगन कर खर्च | - | ५,२५१ |
| ३३ | कर्मचारी बोनस कोष खर्च | १,८५०,०९६ | - |
| | जम्मा (क) | १९,१२३,३३२ | १७,४४६,९४९ |
| **ब्याज खर्च** (ख) | | | |
| ३४ | मासिक बचत | १,०६७,१९१ | ८१२,७३३ |
| ३५ | दैनिक बचत | ६,५७२,३५९ | ५,८५३,९५९ |
| ३६ | बाल बचत/ खुत्रुके बचत | २६६,७८० | १२४,११५ |
| ३७ | जेष्ठ नागरिक बचत | १२,००० | - |
| ३८ | बिशेष बचत | - | १,०५० |
| ३९ | साधारण बचत | ५,५३६,५४० | ४,३२४,५८६ |
| ४० | आवधिक बचत | १९,२२७,४५० | २०,७७६,२०० |

| | | | |
|---|---|---|---|
| | **जम्मा खर्च (ख)** | **३२,६८२,३२०** | **३१,८९२,६४३** |
| **अन्य खर्च (ग)** | | | |
| ४१ | सामाजिक सुरक्षा कोष खर्च | ५१६,२७६ | ५८६,२०० |
| ४२ | कल्याणकारी कोष खर्च | २००,००० | - |
| ४३ | कर्जा जोखिम कोष खर्च | ३,२००,००० | १८०४९४८ |
| ४४ | आयकर खर्च | २,७००,७०७ | २०८७२६ |
| ४५ | ह्रास कट्टी खर्च | ८५०,००० | ५९९८१५ |
| | **जम्मा (ग)** | **७,४६६,९८३** | **४,९९९,६८९** |
| | **कुल जम्मा (क+ख+ग)** | **५९,३१२,७८९** | **५४,३३९,२८१** |
| | **खुद नाफा** | **२०,५४३,०४९** | **११,४१२,५३८** |

## ४. ऋण गुणस्तर अध्ययनः

यस क्रममा संस्थाबाट लगानी गरिएको ऋणको गुणस्तर पहिचान गर्नको लागि Loan Aging को अध्ययन गरी भाखा नाघेका ऋणीहरूको फाइल अध्ययन, नमुना छनौटका आधारमा संस्था परियोजना र धितो निरिक्षण समेत गरी प्राप्त कैफियत त्रुटिका बारेमा सञ्चालक समिति समक्ष लिखित जानकारी गराउने गरिएकोछ।

## ५. आर्थिक सुशासन तथा पारदर्सिताको अध्ययन :

यस अर्न्तगत सहकारीको तर्फबाट गरीने भुक्तानीको बिधिसंगत प्रक्रिया पुरा भए नभएको, खर्चको क्रममा स्वीकृत बजेटको सिमा पालना गरे नगरेको, भुक्तानी प्रतिको उत्तरदायित्व तथा जवाफदेहिता कायम रहे नरहेको, खर्च तथा भुक्तानीको क्रममा प्रचलित ऐन-कानुन, सहकारीको आर्थिक प्रशासन कार्यबिधिको पालना भए नभएको, परिक्षणको लागि नमुना छनौटका आधारमा विभिन्न शिर्षक सम्बन्धित खर्चका लेजर छनौट र छनौट गरीएका लेजर मध्येबाट नमुना छनौटका आधारमा जर्नल भौचर र सो सँग सम्बन्धित बिल भरपाई तथा कागजातको संपरिक्षण गर्ने गरिएको।

## ६. सम्पत्ति सामानको सुरक्षा सदुपयोगिता अध्ययनः

यस क्रममा सहकारी संस्थाको  कार्यालयमा खरिद गरिएका सम्पत्ति तथा सामानको अभिलेख व्यवस्थित रहे नरहेको, अभिलेख अनुसार सम्पत्ति कार्यालयमा रहे नरहेको, भौतिक सम्पत्तिको दुरुपयोग भए नभएको र सो का लागि सम्पत्ति सामानको भौतिक परिक्षण (Physical Audit) गर्ने गरिएको छ र अभिलेख व्यवस्थित गर्नका लागि सुझाव दिइएको छ साथै सम्पूर्ण विवरणहरु अध्यावधिक गर्न तथा जिन्सी  शाखा व्यवस्थित गर्नका लागि एक जना कर्मचारिको आवश्यकता महसुश भएकोले आवश्यक व्यवस्थापनका लागि संचालक समितिलाई पुनः एक पटक अनुरोध गरिन्छ।

## ७. ऋण लगानी प्रक्रियाको पूर्णता अध्ययनः

यस क्रममा ऋण लगानीका लागी छानिएका सदस्यहरुको अवस्थाको नमुना छनौटका आधार मा विश्लेषण, ऋण स्वीकृतिका लागि टिप्पणी, राय प्रस्तुत, सिफारिस, स्वीकृति तथा अनुमोदनका क्रममा अख्तियारी सिमाको पालना भए नभएको, संस्था ऋण व्यवस्थापन कार्यविधिको पालना भए नभएको, धितो मुल्याङ्कनसँग सम्बन्धित कागजात, प्रमाण र प्रक्रिया पूर्ण भए नभएको, धितो दृष्टिबन्धक सम्बन्धि कागजातमा त्रुटी रहे नरहेको, ऋण फाईल हुनुपर्ने सम्पूर्ण कागजातहरु संलग्न भए नभएको, ऋण सँग सम्बन्धित कानुनी कागजात (Legal Document) पूर्ण रुपमा तयार गरे नगरेको जस्ता विषयमा नमुना परिक्षणका आधारमा अध्ययन गर्ने गरिएको । साथै संस्थामा ऋण लगानी निति-२०८१ जारी भैसकेको अवस्थामा ऋण लगानीका सम्पूर्ण प्रक्रियाहरु ऋण निति अवलम्वन गरि गर्नु हुन सुझाव दिइएको छ ।

## ८. कार्यालय आन्तरिक सजावट, तथा सरसफाई र लेआउट अध्ययन :

यस अर्न्तगत कार्यालय भित्रका फाईल, कागजात, यन्त्र, उपकरण, फर्निचर, कार्यालय कोठा आदिको सजावट, सरसफाई तथा सौन्दर्यकरणको अवस्थाको अध्ययन गरी उचित सल्लाह सुझाब दिने गरेको ।

## ९. नितिगत सुझाव :

यस क्रममा संस्थाले सञ्चालनमा ल्याएको कतिपय नीति तथा कार्यविधिहरु अध्यावधिक गर्नुपर्ने भएको र संस्थाको विनिमयमा समेत समय सापेक्ष सुधार गर्नुपर्ने तथा आवश्यकता अनुसारका नयाँ निति तथा कार्यविधिको निर्माण गर्नुपर्ने विषयमा समय समयमा सञ्चालक समितिमा सुझाव पेश गर्ने गरिएको ।

## १०.सहकारी ऐन, नियम, मापदण्ड, सम्पत्ति शुद्धीकरण निर्देशनहरुको पालनाको अवस्था :

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ लाई पालना गर्दै संस्था अगाडि बढेको देखिन्छ। आगामी दिनहरूमा समेत यसको निरन्तरताका लागि सुझाव दिईन्छ। सहकारी विभाग तथा नियमनकारी निकायहरूको निर्देशन तथा सुझावहरू पालना गरेको देखिन्छ । सम्पत्ति शुद्धीकरण निवारण निर्देशिकाको पूर्णरूपमा पालना गर्नको लागि प्रयासरत रहेको पाइयो । साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भई ऐन तथा निर्देशनहरु समेत जारी भईसकेको अवस्थामा ऐन तथा निर्देशनहरु पूर्ण रुपमा पालना गर्न सुझाव प्रदान गरिएको छ।

## ११. संस्थाको विनियम तथा आन्तरीक नीति, कार्यविधिहरू कार्यान्वयनको अवस्थाः

संस्थाको विनियम तथा आन्तरिक नीति, कार्यविधिहरूको पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रयास गर्दै आईरहेको पाइयो ।

## १२. विद्यमान जोखिम तथा व्यवस्थापनको अवस्थाः

वर्तमान अवस्थामा सहकारी संघ/संस्थाहरूका लागि राज्यबाट जारी भएका ऐन कानुनहरूको पूर्ण रूपमा पालना गरेर संस्थालाई अगाडि बढाउन निक्कै नै चुनौती भएको देखिन्छ। संस्थामा सदस्यहरूको दोहोरो सदस्यता, सम्पत्ति शुद्धीकरण, अस्वस्थ प्रतिस्पर्धा, सन्दर्भ व्याजदर, स्थानीय, प्रदेश र संघीय तहका फरक फरक कानुनी व्यवस्था जस्ता कुराहरूले जोखिम हुन सक्ने भएकोले त्यस तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ। साथै उत्पन्न समस्याहरु क्रमस सुधार गर्नका लागि विशेष साबधानि अपनाए अगाडि बढ्नु उपयूक्त देखिन्छ।

## १३. सहकारी सिद्धान्त परिपालना तथा सदस्य केन्द्रीयता सूचकहरूमा संस्थाको अवस्था :

सहकारी सिद्धान्त परिपालनामा संस्था प्रतिवद्ध रहेको पाइयो। साथै संस्थाको विभिन्न कार्यक्रमहरूमा सदस्यहरूको बढी भन्दा बढी सहभागीतालाई प्राथमिकता दिएको पाइयो।

## १४ सदस्य शिक्षा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू

आ.व. २०८२/२०८३ मा सदस्यहरूसँग अन्तरक्रिया, विभिन्न अभिमुखीकरण सम्बन्धी सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू समय समयमा गरेको पाइयो र विभिन्न सुचनाहरु ह्वाट्सएप ग्रुप मार्फत सदस्यहरुमा प्रदान गरेको पाइयो।

## १५. सहकारी सञ्जालमा सहभागिताः

राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संस्थामा आवद्ध भइ त्यहीबाट समय समयमा आयोजना गरिने विभिन्न कार्यक्रमहरूमा सहभागीता जनाएको पाईयो।

## १६. उप समितिहरूको कार्यसम्पादन अवस्थाः

उपसमितिहरूको गठन भएको भएता पनि शिक्षा र ऋण उपसमिति बाहेकका अन्य उपसमितिहरूका कार्यक्रमहरू नभएको पाईयो। साथै सम्पूर्ण उप-समितिहरुलाई क्रियाशील बनाउनु हुन सुझाब दिइन्छ।

## १७ लेखा सुपरिवेक्षण समितिको बैठक तथा आन्तरिक लेखा परीक्षणको अवस्थाः

यस आ.व. मा विभिन्न समयमा बैठक बसी आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। आन्तरीक लेखापरीक्षण गर्ने क्रममा ऋण लगानी गर्दा कागजात तथा सूचना संकलन गर्ने ढाँचामा थप सुधार गरी अझ बढी कानुनी, बैज्ञानिक र यथार्थपरक सूचना आउने किसिमले सुधार गर्न गत वर्षसुझाव दिईएको मा त्यसमा क्रमिक रुपमा सुधार भईरहेको पाईयो।

## १८. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन कार्यान्वयनको अवस्थाः

आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समय समयमा सञ्चालक समितिलाई दिने गरेको प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूमा सुधार भएको र आगामी दिनहरूमा समेत सुधार हुदै जानेछ भन्ने बिश्वास

गरिएको छ।

## १९. लेखा सुपरिवेक्षण समितिको बैठकः

आन्तरिक लेखानिरीक्षण तथा अनुगमनका क्रममा आ.व २०८२ असार मसान्त सम्ममा लेखा सुपरिवेक्षण समितिको बैठक निम्न अनुसार भएका छन्।

| क्र.सं. | मिति | अवधि | उपस्थिति विवरण |
|---|---|---|---|
| १ | २०८२/०४/१६ | १ दिन | ३ |
| २ | २०८२/०५/०९ | १ दिन | ३ |
| ३ | २०८२/०६/०१ | १ दिन | ३ |
| ४ | २०८२/०७/०९ | १ दिन | ३ |
| ५ | २०८२/०८/०७ | १ दिन | ३ |
| ६ | २०८२/०८/१० | १ दिन | ३ |
| ७ | २०८२/१०/१२ | १ दिन | ३ |
| ८ | २०८२/१०/१३ | १ दिन | ३ |
| ९ | २०८२/१२/०७ | १ दिन | ३ |
| १० | २०८३/०२/०५ | १ दिन | ३ |
| ११ | २०८३/०२/०६ | १ दिन | ३ |
| १२ | २०८३/०३/११ | १ दिन | ३ |
| १३ | २०८३/०३/३२ | १ दिन | ३ |

## २०. सन्चालक समिति सदस्य भत्ता तथा सुविधाहरु :

सञ्चालक समितिका सबै सदस्यहरू गैर-कार्यकारी सञ्चालक हुन र अध्यक्ष बाहेक कुनै पनि सञ्चालकलाई कार्यकारी सुविधा प्रदान गरिएको छैन। सञ्चालकहरूलाई सञ्चालक समितिको बैठक वा सन्चालक स्तरीय बैठकमा उपिस्थत भए बापतको रकम समेत प्रदान गरिएको छ जुन यसप्रकार रहेको छ।

| पद | मासिक भत्ता रु. | | | बैठक भत्ता रु. |
|---|---|---|---|---|
| | कार्यकारी सुविधा रकम | सञ्चार खर्च | इन्धन खर्च | |
| अध्यक्ष | २६५००/- | | | ५०००/- |
| उपाध्यक्ष | | | | ५०००/- |
| सचिव | | | | ५०००/- |
| कोषाध्यक्ष | | | | ५०००/- |
| सदस्यहरु | | | | ५०००/- |

## २१. लेखा सम्बन्धी टिप्पणीहरू:

- लेखा सम्बन्धी अवधारणा वित्तिय विवरणहरू तयार गर्दा सर्वमान्य लेखानिति तथा सिद्धान्त र सहकारी लेखा प्रणालीहरू अनुसार पालना गरिएका छन ।
- लेखाकंनका आधारहरू यस संस्थाले वित्तियविवरणहरू तयार गर्दा दोहोरो लेखा प्रणालीका सिद्धान्त अनुसार तयार पारेको चारखाता, तथा कम्प्युटर द्वारा हिसाब किताब राख्ने गरेको पाइयो
- ब्याज आम्दानी कर्जासापटी तथा लगानीबाट प्राप्त हुने ब्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तीको आधारमा लेखाकंन गरिएको छ ।
- कमिशन तथा अन्य आम्दानी संस्थाले लगानी गरेको कर्जा कारोबारको क्रममा प्राप्त सेवाशुल्क, बिलम्व शुल्क, लाभाशं प्राप्त र अन्य प्राप्त रकमलाई आर्थिक वर्षको प्राप्ती रकमको आधारमा राख्ने गरिएको छ ।
- ब्याज खर्च निक्षेप बचतमा रहेको रकमलाई त्रैमासिक रूपमा संस्थाको ब्याजदर अनुसार व्याजमा नियम संगत कर कट्टीगरी दिने गरिएको छ ।
- व्याजको गणनाः सस्थाले ३६५ दिन लाई १ बर्ष मानी निक्षेप तथा कर्जा तथा कर्जाको ब्याज दैनिक रूपमा हिसाब गरी लिएको वा जम्मा गरेको दिन देखि बुझाएको अघिल्लो दिनसम्मको हिसाब गर्ने गरिएको छ ।
- वासलातको प्रस्तुती सबै सम्पत्तीहरू सहकारी विभागको निर्देशन बमोजीम सम्बन्धीत सीर्षकमा ह्रास कट्टागरी खुद मुल्यमा वासलातमा प्रस्तुत गरिएको छ ।
- कर्जा लगानी सहकारी ऐन नियम मापदण्ड र ऋण लगानी निति अनुसार आफ्ना शेयर सदस्यलाइ निर्धारण गरिएको कर्जा शिर्षक अनुसार कर्जा लगानी गर्ने गरिएको पाइयो ।

**अन्त्यमा,**

आन्तरीक लेखापरिक्षणको शिलशिलामा सहयोग गर्नु हुने सञ्चालक समिति, विभिन्न उपसमिति तथा कर्मचारी प्रशासन टीमलाई लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छौं । साथै लेखा समितिको तर्फबाट यस सम्मानित सभामा प्रस्तुत प्रतिवेदन माथि व्यापक छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछौं । धन्यवाद् ।

जय सहकारी ! जय वेष्टर्न !!

| द्रोपता कुमारी गौतम | संतोष बाबु सुवेदी | जयदेव अवस्थी |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

# १७ औं वार्षिक साधारण सभामा संचालक समितिको सचिवको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

**१७ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू,**

संस्थाको गरिमामय वार्षिक साधारण सभामा उपस्थित लेखा तथा सुपरिवेक्षण समितिका संयोजक ज्यू, संचालक ज्यू, सल्लाहकार ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सदस्य ज्यूहरु तथा कर्मचारी ज्यूहरु लगाएत सम्पूर्ण शेयर सदस्य ज्यूहरु सबैमा मेरो व्यक्तिगत तथा संस्थाको सचिवको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु। आजको यस गरिमामय तथा बिशेष साधारण सभामा संचालक समितिको सचिवको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई ज्यादै भाग्यशाली तथा गौरवान्वित ठान्दछु। यस संस्थाको आ.ब. २०८२/०८३ मा गरिएको केही महत्वपूर्ण निर्णयहरु यस संमानित सभामा प्रस्तुत गर्दछु।

**निर्णयहरुः–**

१. यस संस्थाको आ.ब. २०८२/०८३ मा जम्मा २१ वटा बैठकहरु सम्पन्न भएको जानकारी गराउदछु।

२. यस संस्थामा आ.ब.२०८२/०८३ मा २३३५ जना शेयर सदस्यहरु रहनुभएको जानकारी गराउदछु।

३. यस संस्थाको १६ औं वार्षिक उत्सव संस्थाको संचालक समितिका सदस्य श्री प्रेम बहादुर खड्का ज्युको संयोजकत्वमा मिति २०८२ श्रावण १० गते मानव सेवा आश्रममा रु १२००० तथा निल सागर सेवा आश्रममा रु ११००० आर्थिक सहयोग गदै श्रावण ११ गते संस्था रहेको भवनको भुई तल्लामा नेपाल रेडक्रस बाँके शाखा र लायन्स क्लवहरुसँगको सहकार्यमा बृहत रक्तदान कार्यक्रम गरियो।

४. मिति २०८२ श्रावण २७ गतेको बैठकबाट संस्थाका कोषाध्यक्ष संयोजक रहने गरि ४ जना ऋण तथा लगानीमा जमानत वापत राखिएको धितो (घर, जगा तथा अन्य ) को मुल्यांकनको लागी ऋण तथा धितो मुल्यांकन उप समिति गठन गरियो।

५. मिति २०८२ सावन २७ गतेको बैठक बाट संस्थामा नियमित मासिक बचत गर्ने तथा रु एक लाख वा त्यो भन्दा माथि शेयर पूंजी भएका शेयर सदस्यहरु तथा ऋणीहरुको जीवन तथा ऋणको आइ.एम.ई सुरक्षा म्यादी जीवन बीमा गर्न आई.एम.ई लाईफ इन्स्योरेन्स कम्पनी लि. संग सम्झौता गर्ने निर्णय गरियो।

६. संस्थाको १६ औं वार्षिक साधारण सभा मिति २०८२ असोज ३ गते शुक्रवार होटल पौंवामा गर्ने निर्णय गरि साधारण सभा सम्पन्न गरियो।

७. मिति २०८२ असोज २८ गते खराब ऋणहरुको सम्बन्धमा अदालती प्रकृया गर्नु पर्ने तथा आर्थिक पक्ष र ऋण लगानीको लागी बिभिन्न कानूनी उपचारको लागी भनि कानूनी स्रोत ब्यक्तिको रुपमा श्री मेहरसिंह खत्री ज्यूलाई २०८२/०७/०१ बाट मासिक रु १५००० दिने गरि नियुक्ति गरियो।

८. मिति २०८२ असोज २८ गतेको बैठकबाट संस्थामा आवश्यक पर्ने कर्मचारी नियुक्ति तथा अन्य सेवा सर्तहरुको

लागी अध्ययन गर्न उपाध्यक्ष श्री अजय कुमार शर्मा ज्यूको संयोजकत्वमा जम्मा ५ सदस्यि पदपूर्ति उप समिति गठन गरियो

९. मिति २०८२ कार्तिक २८ गतेको बैठकबाट मिति २०८२/०५/२३ र २४ गते भएको जेन.जी.को आन्दोलनले गर्दा नेपालगंज उप महानगरपालिका तथा मालपोत कार्यालय नेपालगंजमा भएको क्षतिबाट कार्यालय संचालनमा कठिनाई भएको भनि सो कार्यालयबाट लिखित रुपमा आर्थिक सहयोग माग गरेको हुँदा दुबै संस्थालाई रु २५००० अधिकतम हुने गरि जिन्सी आर्थिक सहयोग गरियो ।

१०. मिति २०८२ मंसिर २५ गतेको बैठक बाट पदपूर्ति उप समितिबाट सिफारिस प्रतिवेदन अनुसार छनौट हुनुभएका श्री बिनोद गुरुङ्ग लाई ऋण असुली अधिकृतको पदमा १ **बर्ष** परिक्षणकाल सहित २०८२ पौष १ गतेबाट लागु हुनेगरि नियुक्त गरियो ।

११. मिति २०८२ पौष ९ गतेको बैठकबाट यस संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता गरियो ।

१२. मिति २०८२ पौष ९ गते को बैठकको निर्णयबाट संस्थालाई आवश्यकता परेको दुई पांग्रे सवारी साधन (मोटर साईकल) खरिद गरियो ।

१३. मिति २०८३ जेष्ठ ५ गतेको बैठकबाट यस संस्थालाई भू सेवामा दर्ता गर्ने निर्णय गरियो ।

आदरणीय शेयरधनी सदस्य ज्यूहरु माथि उल्लेखित निर्णयहरु बाहेक पनि केही खराव ऋणी जस्ले उचित समयमा साँवा र ब्याज भुक्तानि नगरेका र पटक पटक ताकेता गर्दा पनि सम्पर्क नभएका ऋणी.हरु लाई कालो सूचीमा राखी अदालती प्रकृयामा मुद्दामा समेत लगि असुल उपर भएका समेत जानकारी गराउदछु । सो सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदनमा पनि समावेस भएको जानकारी गराउदछु ।

राजिव राज शर्मा
(सचिव)

# १७ औं वार्षिक सभामा ऋण उप-समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८२/०८३

यस संस्थाको १७ औ बार्षिक साधारण सभा मा पाल्नुहुने सम्पूर्ण शेयर सदस्यहरुमा ऋण उप-समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन गर्न चाहन्छु ।

यस सस्थाको मुख्य उदश्ये भनेको सदस्यहरु बाट उचित ब्याज दरमा बचत संकलन गर्नु र उक्त बचत रकम लाई न्युन ब्याजदरमा सुरक्षित लगानी गरि सदस्य हरुको जीवनस्तर उठाउन सहयोग गर्दै सदस्यहरुलाई आत्मनिर्भर र स्वाबलम्भी बनाउनु सस्थाको मूल उदेश्य हो । मिति २०८०/०५/१९ गतेको निर्वाचित यस संचालक समिति बाट हामीलाई दिएको जिम्मेवारी ऋण लगाली, ऋण असुली र ऋण सदुपयोगीताको बारेमा सदस्यहरुलाई परामर्श दिदै अगाडी बढिरहेको कुरा यहाहरुलाई जानकारी गराउन चाहन्छु ।

यस आ.व. मा ऋण उप-समितिको जम्मा २६ वटा बैठक सम्पन्न भएको जानकारी गराउन चाहन्छु । सदस्यहरुले सस्थाबाट लिएको कर्जा रकमलाई नियम सम्वत रुपमा कर्जाको शीर्षक अनुसारनै सदुपयोग गर्नु भएको छ र उत्पादन मुलक क्षेत्रमा नै ऋण प्रयोग गर्नु भएको छ भन्ने कुरामा हामी आशाबादी छौ । प्रत्येक ऋणी सदस्यहरुले आफुले तिर्नुपर्ने ऋणको साँवा, ब्याज र किस्ता रकम समयमानै तिरी दिनुहुनेछ भन्ने पनि हामीले अपेक्षा राखेका छौ । हामीले यस बर्ष केही भाखा नाघेका ऋणी सदस्यहरुलाई भाखा नाघेका कर्जा असुलीका लागी बारम्बार लिखित तथा मौखिक ताकेता समेत गरीसकेका छौ । साथै केही ऋणीहरुको संस्थाको विनियम सहकारी ऐन, प्रदेश सहकारी ऐन बमोजिम पनि पटक पटक लिखित, मौखिक ताकेता गर्दा समेत कुनै पनि प्रतिक्रिया नगर्ने ऋणी सदस्यहरुको लागी राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने ऋण चुक्ता गर्न आउने बारे सुचना समेत पठाइसकिएको छ । साथै यस आ.व. सम्ममा जम्मा ऋणी सदस्यहरुको संख्या ५८९ जना रहेको छ, जस मध्य यस आ.व. सम्ममा १ वर्ष सम्म भाखा नागेको ऋणी सदस्यहरु ६१ जना रहेको समेत यस गरिमामय साधारणसभामा जानकारी गराउन चाहन्छु, र केही ऋणी सदस्यहरुको चेक बाउन्स गरी कालो सुचीमा समाबेश गरी अदालती प्रकृयामा समेत लगीएको कुरा यहाहरुलाई जानकारी गराउदछु । साथै यस्ता ऋणी सदस्यहरुको धितो तथा जायजेथा लिलामी गरी ऋण असुली समेत गर्ने प्रक्रिया अगाडी बढाई ३५ दिने लिलामीबाट यस आ.व. मा केहि ऋण असुली गरिएको समेत जानकारी गराइन्छ। साथै अदालति प्रक्रियाबाट मुद्दा दर्ता भएको १५ जना ऋणीहरुको मुद्दा फैसला भई चेक बराबरको रकममा बिगो भराई संस्थाले ऋण असुली प्रक्रिया अगाडि बढाएको कुरा समेत यस गरिमामय साधारणसभा समक्ष जानकारी गराउदछु ।

आदरणीय शेयर सदस्य ज्यूहरु, संस्थाबाट लिएको कर्जा रकमलाई सही रुपमा सदुपयोग गरी कर्जाको साँवा, ब्याज र किस्ता रकम समयमा नै तिरी दिनुहुनेछ भन्ने अपेक्षा राखेको छु । संस्थाले हरेक वर्ष संरक्षित पुजीफिर्ता कोषमा रहेको रकमबाट कर्जा लिएका ऋणी सदस्यहरुलाई रकम वितरण गर्दै आएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

सस्थाले यस बर्ष गरेको ऋण कारोबारको अवस्था यस प्रकार रहेको छ ।

**वेष्टर्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**नेपालगञ्ज १२, बाकें**

## कर्जा मिश्रण

**शाखा १ मुख्य कार्यालय**

| क्र.सं. | ऋण शिर्षक | गत वर्ष २०८२/०३/३२ | | यस वर्ष २०८३/०३/३२ | |
|---|---|---|---|---|---|
| | | ऋण रकम | कुल प्रतिशत | ऋण रकम | कुल प्रतिशत |
| १ | व्यापार कर्जा | १२८७८२१०१.०० | २८.३८ | १२०४६३२२२.०० | २७.४९ |
| २ | कृषि कर्जा | २२६०२१.०० | ०.०५ | ८४४३७८.०० | ०.१९ |
| ३ | हयर पर्चेज कर्जा | २५५२२०२.०० | ०.५६ | १९२५९९८.०० | ०.४४ |
| ४ | घर कर्जा | २८५७६३२०१.०० | ६२.९६ | २७८९१०८४०.०० | ६३.६४ |
| ५ | शैक्षिक कर्जा | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | बिशेष कर्जा | १६२०६७१२.०० | ३.५७ | ११८६४६६०.०० | २.७१ |
| ७ | व्यक्तिगत कर्जा | ११८५९९१३.०० | २.६१ | १५४७६४८४.०० | ३.५३ |
| ८ | आबधिक धितो कर्जा | ८४६००००.०० | १.८६ | ८७८०२६०.०० | २.०० |
| | **जम्मा** | ४५३८५०१५०.०० | १००.०० | ४३८२६५८४२.०० | १००.०० |

अन्तमा ,ऋण उपसमितिको जिम्मेबारी पुरा गर्न सहयोग गर्नुहुने शेयर सदस्य महानुभावहरु, संचालक समिति, लेखासुपरिवेक्षण समितिका साथीहरु,ऋण उपसमितिका सदस्यमित्रहरु, कर्मचारी साथीहरुमा धन्यबाद व्यक्त गर्दछु ।

भास्कर काफ्ले
सदस्य

जीवनारायण बेलबासे
सदस्य

हरिलाल न्यौपाने
संयोजक

लेखापरीक्षण प्रतिवेदन

# वेष्टर्न बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नेपालगञ्ज १२, बाकें

२०८२/८३

## लेखापरीक्षक

**सि.ए. तेज प्रकाश दीक्षित**

दीक्षित एण्ड एसोसिएट्स,चार्टर्ड एकाउन्टेन्ट्स

**नेपालगञ्ज, बाकेँ**

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## शेयरधनि महानुभावहरु

## वेष्टर्न वचत तथा ऋण सहकारी संस्था लिमिटेड

## नेपालगंज, बाँके

## १. कैफियत सहितको राय :

हामीले श्री **वेष्टर्न बचत तथा ऋण सहकारी सस्था लिमिटेड**, नेपालगन्ज, बाँके को ३२ असार २०८३ को वित्तीय स्थितिको विवरण (वासलात) र सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरुको (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

रायको आधार शीर्षक अन्तर्गत समावेश भएका विषय वस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिइएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लिखित वित्तीय विवरणहरुले सारभूतरुपमा संस्थाको ३२ असार २०८३ को वित्तीय स्थितिको विवरण (वासलात) र सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरु प्रचलित कानूनको अधीनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम यथार्थ चित्रण गर्दछ।

## २. कैफियत सहित रायको आधार :

**क**) संस्थाले नोट ४.३.२ मा प्रस्तुत गरेको कर्जा लगानी विवरणलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्ड मापदण्ड अनुसार असल, शंकास्पद र खराब कर्जामा वर्गिकरण गरी क्रमशः १, २५, ५० र १०० प्रतिशत सम्भावित कर्जा नोक्सानी व्यवस्था अनुसार रु. ५,५५,१२,०८९ कायम गर्नुपर्ने भएतापनि यस आ.व. सम्म १,१३,५२,५७५ मात्र सम्भावित कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणका मापदण्ड अनुसार सम्भावित कर्जा नोक्सानी व्यवस्था नगर्दा यस आ.व. को खुद नाफा रु. ४,४१,५९,५१४ ले बढेको छ र सम्भावित कर्जा नोक्सानी व्यवस्था घटाई वित्तीय स्थितिको विवरण (वासलात) मा कर्जा रकम प्रस्तुत नगर्दा रु. रु. ४,४१,५९,५१४ ले कर्जा रकम समेत बढेको छ। जसले नाफा नोक्सान र वित्तीय स्थितिको विवरणको यथार्त चित्रण गर्दैन।

**ख**) संस्थाले असार मसान्तमा ४६ जना ऋणीहरुको ऋण असुली प्रकृया सुरु गरेको छ । जसमा ३४ जना ऋणीहरुको, कुल रकम रु. १,१६,३७,८४४ जिल्ला अदालतमा मुद्दा प्रक्रिया सुरु गरेको र १२ जना ऋणीहरुको, कुल रकम रु. ६४,३७,२३५ कालो सूचीमा राखिएको छ । यसरी कुल रकम रु. १,८०,७५,०७९ खराब कर्जा

असुली प्रक्रियामा रहेको छ।

**ग**) वित्तीय विवरणमा माथि बुंदा नं. क र ख मा उल्लेखित कैफियत र त्यसले पार्ने प्रभावको हिसाब नगरि ब्यवस्थापनले तयार गरेको वित्तीय विवरण अनुसार लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा ५४, ५५, ५६ र ५७ को व्यवस्था बमोजिमका कोषहरुमा खुद रकम जम्मा गरिएको छ।

**घ**) संस्थाले लेखा टिप्पणी ३.८ मा उल्लेख भए बमोजिम सदस्यहरूलाई प्रवाह गरिएको कर्जाको ब्याज आम्दानी लाई नगद प्राप्तिको आधारमा मात्र पहिचान गरेको छ र नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको प्रभावकारी ब्याज दर विधि प्रयोग गरेको छैन। यसको फलस्वरूप ३२ आषाढ २०८३ सम्ममा आर्जित भइसकेको तर प्राप्त हुन बाँकी ब्याज रकम वित्तीय विवरणमा सम्पत्ति तथा आम्दानीको रूपमा पहिचान गरिएको छैन।

**ङ**) व्यवस्थापनले यस आर्थिक वर्षमा सम्पत्ति, संयन्त्र तथा उपकरणहरुको भौतिक परीक्षण गरेको छैन। हामीले लेखा अभिलेखको आधारमा नोट ४.६ मा उल्लिखित सम्पत्ति, संयन्त्र तथा उपकरणको लेखापरिक्षण सम्पन्न गरेका छौं।

**च**) लेखापरीक्षणको क्रममा संस्थासंग दोहोरो सदस्यता बारे अभिलेख नरहेकोले लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा २८ बमोजिम दोहोरो सदस्यता लिएको वा नलिएको बारे एकिन गर्न सकिएन।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं। ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनमा वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व अनुच्छेद अन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं। लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को दफा ६२ बमोजिम नियूक्ति पाएका छौं एवम् दफा ६३ बमोजिम लेखापरीक्षण नियूक्त हुन अयोग्य नभएको घोषणा गरेका छौं र हामीले सो बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आभार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

## ३. जोड दिइएको विषय (Emphasis of Matter)

हामी वित्तीय विवरणको लेखा टिप्पणी ४.१.२ तर्फ ध्यानाकर्षण गराउन चाहन्छौं, जसमा ३२ आषाढ २०८३ मा संस्थाले अन्य सहकारी संस्थाहरूमा रु. ३,६१,३२,९४६ मौज्दात राखेको तथा रु. २,०७,००० इक्विटी लगानी गरेको गरी सहकारी क्षेत्रप्रति जम्मा रु. ३,६३,३९,९४६ बराबरको जोखिम रकम कायम रहेको खुलासा गरिएको छ। उक्त रकम संस्थाको कुल नगद तथा नगद सरहको ३०.७० प्रतिशत र कुल पुँजीको ३४.०५ प्रतिशत बराबर हो।

यी रकमहरू बैंक तथा वित्तीय संस्थामा राखिएको मौज्दात नभई अन्य सहकारी संस्थाहरूमा सुरक्षण विना राखिएको मौज्दात भएकोले यी रकमको भुक्तानी सम्बन्धित सहकारी संस्थाहरूको तरलता तथा वित्तीय अवस्थामा निर्भर रहन्छ। यी रकमको भविष्यको असुली सम्बन्धमा हामीले थप कुनै निष्कर्ष व्यक्त गरेका छैनौं। यस विषयको सम्बन्धमा हाम्रो राय परिमार्जन गरिएको छैन।

## ४. मुख्य लेखापरीक्षण विषयहरु (Key Audit Matters) :

हाम्रो पेशागत रायको आधारमा वित्तीय विवरणहरुको लेखापरीक्षण गर्ने क्रममा धेरै महत्व राख्ने, वित्तीय विवरणहरुमा सारभूत गलत आँकडाको (Material Misstatements) (जालसाजी वा अन्य कारणले जोखिम आँकलन गरिएका विषयलगायत लेखापरीक्षणको रणनीति, स्रोतको बाँडफाँड र लेखापरीक्षण टोली (Engagement Team) को ध्यानाकर्षणमा विशेष प्रभाव पार्ने विषयहरुलाई लेखापरीक्षणको प्रमुख विषयको रुपमा मानिन्छ। कैफियत सहितको रायको आधार शीर्षकमा राखेका कुराहरु बाहेक हाम्रो लेखापरीक्षणको क्रममा धेरै महत्व राख्ने विशेष प्रभाव पार्ने खालको कुनै पनि विषयहरु थप पहिचान भएनन् ।

**५. अन्य मामिला**

संस्थाले वित्तीय विवरण संग सम्बन्धित प्रमुख लेखा नीतिहरुको बुदा नं. २.१ मा उल्लिखित लेखाङ्कनको आधारका अनुसार त्यहाँ उल्लिखित विषयहरु बाहेक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुसार तयार गरिएका छन। ती विषयहरुले पार्ने असरले हाम्रो राय परिमार्जन गरेको छैन।

## ६. वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व :

नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरण तयार एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्वान्वयन र सन्चालन गर्ने जिम्मेवारी व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाका ब्यक्तिहरुमा रहेको छ। वित्तीय विवरण तयार गर्दा व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको ब्यक्तिहरुले संस्था निरन्तर सन्चालन हुने क्षमताको मुल्याङकन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सन्चालनमा आधारित लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धित महत्वपूर्ण अनुमान गर्नु पर्ने जिम्मेवारी रहेको छ। संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ।

## ७. वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व :

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस सारभुत रुपमा त्रूटी रहित छ वा छैन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नू हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भए तापनि सारभूत त्रूटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरिक्षण मान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभुत त्रूटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैंन । गलत प्रस्तूति, जालसाजी वा त्रुटीबाट उत्पन्न हून सक्दछन् र ती प्रस्तूतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ

भने, उक्त गलत प्रस्तूतिलाई सारभूत रुपमा गलत प्रस्तूति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनूरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौ । क्रमश हामीलेः

- वित्तीय विवरणमा जालसाजी वा त्रूटीबाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखा परीक्षण प्रक्रियाहरु तर्जूमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हूने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खूलासाहरूको मूल्यांकन गर्दछौ ।

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू संग सम्बन्धित सारभूत अनिश्चतताको कारणले संस्थाको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरिक्षण प्रतिवेदनमा वित्तिय विवरणको सम्बन्धित खूलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविछिन्न निकायका रूपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतिकरण ढाँचा र खुलासा सहितको विषयवस्तू तथा अन्तरनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गर्ने नगरेको मुल्यांकन गर्दछौं ।

- हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य बिषयका अतिरिक्त, लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायतका संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको छुट्टै **ब्यवस्थापन पत्र** मार्फत जानकारी गराउंदछौं ।

## ८. अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन :

माथि बुँदा २ कैफियत सहित रायको आधारमा उल्लेखित व्यहोराका अतिरिक्त हामीले गरेका लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम् उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौ :

(क) हामीले लेखापरीक्षणका लागि आवश्यक ठानेका सबै सुचना तथा स्पष्टिकरणहरु पाएका छौँ ।

(ख) हाम्रो विचारमा संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीक संग राखेको छ।

(ग) लेखापरिक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण र सुचनाहरुको आधारमा संस्था व्यवस्थापन वा नेपाल सरकारको सम्बन्धित निकायबाट कारवाही गरिरहेका विषयहरु बाहेक एवं व्यवस्थापन पत्रमा उल्ले खित विषयबस्तुहरु बाहेक संस्थाको व्यवस्थापनबाट उपलब्ध गराइएको (Management Representation Letter) समेतको आधारमा, संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध लेखासंग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा शेयर सदस्यको हित विपरित हुने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

घ) संस्थाले श्रम ऐन, २०७४ बमोजिम श्रम अडिट गरेको छैन ।

सिए. तेज प्रकाश दीक्षित
**दीक्षित एण्ड एसोसिएट्स,**
**चार्टर्ड एकाउन्टेन्ट्स**

सदस्यता नं. : ८२९

ठेगाना : नेपालगन्ज, बाँके
मिति : २०८३/०५/१२

**UDIN:**

# वेष्टर्न बचत तथा ऋण सहकारी लिमिटेड
## वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु
## आर्थिक वर्ष. २०८२र/०८३

### १. संगठनात्मक जानकारी

वेष्टर्न बचत तथा ऋण सहकारी लिमिटेड, सहकारी ऐन २०७४ बमोजिम  भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा दर्ता भई दर्ता नम्बर ४८६/२३८/०१/०६७/६८ (मितिः २०६७/०४/११) प्राप्त गरी आन्तरिक राजस्व विभागमा स्थायी लेखा नम्बर ३०४३८२२०६ सहित दर्ता भएको छ। साथै हाल राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा समेत दर्ता भएको छ।, यस सहकारीको कार्य क्षेत्र बाँके जिल्ला रहेको छ। यस सहकारी संस्थाले सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुर्याउदै, सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्दै आएको छ। यस संस्थाको मुख्य कार्यालय नेपालगन्ज वडा नं १२ सुर्खेत रोड मा अवस्थित छ भने यस सहकारी संस्थाको मुख्य उद्देश्य आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो।

### २. लेखात्तनका आधार
### २.१ अनुपालन सम्बन्धी उद्घोषण

सहकारीको छुट्टाछुट्टै वित्तीय विवरणहरू लेखामान बोर्ड (Accounting Sstandard Board-ASB), नेपाल द्वारा व्यवस्था भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard-NFRS) अनुसार तयार गरिएको छ। सहकारी संस्थाको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले संयुक्त  वित्तीय विवरणहरू तयार पारिएको छैन। चालु आर्थिक वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेको अवस्थामा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ।

क) सहकारीले आफ्ना कर्मचारीहरूलाई नियमावलीअनुसार विभिन्न कर्जा सुविधा उपलब्ध गराउँदछ। यी कर्जाहरू बजार दरको तुलनामा सहुलियत दरमा उपलब्ध गराइन्छ। यी ऋणहरू प्रारम्भिक रूपमा ब्याजको बजार दरमा अनुबंधात्मक नगद प्रवाह छुट (discounting) गरेर उचित मूल्यमा मापन गरिनुपर्ने हो। वितरण गरिएको कुल रकम र वास्तविक मुल्य बीचको भिन्नतालाई अग्रिम खर्चको रूपमा लेखांकन गरिनुपर्ने हो र ऋण अवधिमा नाफा वा नोक्सानमा परिशोधन गरिनुपर्ने हो तर ब्याजको बजार दर र कर्मचारीहरूलाई नियमावलीअनुसार उपलब्ध गराइएको कर्जाको ब्याजको दरमा ठुलो अन्तर नरहेको र कर्जाहरु पनि दिर्घकालीन नरहेका नेपाल वित्तीय प्रतिवेदन मान गरिनुपर्ने व्यवस्था गरिएको छैन।

ख) नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसार अनुमानित कर्जा नोक्सानी (Expected Credit Loss) को व्यवस्था लागु गर्न छुट गरिएकोले लागु गरिएको छैन।

## २.२ समिक्षा अवधि र वित्तीय विवरणको स्वीकृति

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

## २.३ कार्यात्मक र प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी संस्थाको कार्यात्मक र प्रस्तुतिकरण मुद्रा हो । प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त (राउन्ड अफ) गरिएको छ।

## २.४ अनुमान, पूर्वधारणा  र स्वविवेक को प्रयोग

वित्तीय विवरणहरू तयार गर्नका लागि व्यवस्थापनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चको लेखाङ्कन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा अनुमान, पूर्वधारणा  र स्वविवेकको प्रयोग आवश्यक पर्दछ । वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन् । विगतको अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर पुनरावलोकन गरिन्छ, जसमा स्वभाविक देखिने भविष्यका घटनाहरूलाई पनि समावेश गरिन्छ। लेखा अनुमानहरूमा अनुमानमा भएको पुनरावलोकनलाई भावीरुपमा  (Prospectively) समायोजन गरिएको छ।

## २.५ लेखा नीतिहरूमा परिवर्तनहरू

वित्तिय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ।  लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

## २.६ छुट (Discounting)

Time value of money को प्रभाव सारभूत रुपमा प्रभाव नपार्ने भएकोले रकमहरूलाई discounting गरी मापन गरिएको छैन।

# ३. महत्वपूर्ण लेखा नीतिहरू

## ३.१ मापनको आधार

निम्न सारभुत वस्तुहरू बाहेक सहकारीको वित्तीय विवरणहरू लागत मूल्यको आधारमा तयार पारिएको छ,

| शीर्षकहरु | हुनुपर्ने मापनको आधार | लागु अवस्था |
|---|---|---|
| अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वहरू | परिभाषित लाभ दायित्वहरूको वर्तमान मूल्यबाट यो जना सम्पत्तिको उचित मूल्य घटाउने | लागत मुल्य |
| सम्पत्ति, संयन्त्र तथा उपकरण-जग्गा | उचित मूल्य | लागत मुल्य |
| कर्मचारीहरूलाई ऋण तथा सापट | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम) | लागत मुल्य |
| धितोपत्र र शेयरमाहरूमा लगानी | उचित मूल्य | लागत मुल्य |

## ३.२ सम्पत्ति, संयन्त्र तथा उपकरण

**पहिचान र मापनः** सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयिकरण भएमा घटाई मापन गरिन्छ। लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन् ।

**मूल्यह्रासः** सम्पत्ति, संयन्त्र तथा उपकरणको मूल्यह्रास सरल रेखा विधि प्रयोग गरी गणना गरिन्छ । सम्पत्तिको लागतबाट अनुमानित अवशिष्ट मूल्य घटाई हुन आउने ह्रासयोग्य रकमलाई सो सम्पत्तिको अनुमानित उपयोगी जीवन अवधिभर समान रूपमा विभाजन गरी प्रत्येक आर्थिक वर्षको नाफा नोक्सान विवरणमा खर्चको रूपमा लेखाङ्कन गरिन्छ। जग्गाको उपयोगी जीवन अवधि असीमित मानिने हुँदा जग्गामा मूल्यह्रास गणना गरिएको छैन।

सम्पत्तिको मूल्यह्रास सो सम्पत्ति व्यवस्थापनले निर्धारण गरेको स्थान र अवस्थामा प्रयोगका लागि उपलब्ध भएको मितिदेखि सुरु गरी सम्पत्ति निःसर्ग भएको वा बिक्रीका लागि राखिएको वर्गमा वर्गीकरण भएको मितिमध्ये जुन पहिले हुन्छ सोही मितिसम्म गणना गरिन्छ। आर्थिक वर्षको बीचमा थप वा निःसर्ग भएका सम्पत्तिहरूको हकमा मूल्यह्रास प्रयोगमा रहेको अवधिको अनुपातमा गणना गरिन्छ।

सम्पत्तिका महत्वपूर्ण वर्गहरूको लागि प्रयोग गरिएको अनुमानित उपयोगी जीवन अवधि तथा सोही अनुरूपको वार्षिक मूल्यह्रास दर वर्तमान र तुलनात्मक दुवै अवधिको लागि देहाय बमोजिम रहेको छ ः

| स.नं. | सम्पत्तिहरु | प्रयोग अवधी |
|---|---|---|
| १ | कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू | ५ वर्ष |
| २ | सवारी साधनहरू | ८ वर्ष |
| ३ | अन्य सम्पत्तिहरू | ८ वर्ष |
| ४ | वेवसाइट | ५ वष |

प्रतिवेदन मितिसम्म संस्थासँग भवन नरहेकोले भवनको मूल्यह्रास दर निर्धारण गरिएको छैन । सफ्टवेयर तथा वेबसाइट अमूर्त सम्पत्तिको रूपमा वर्गीकृत गरिएको हुँदा सो को परिशोधन सम्बन्धी नीति लेखा टिप्पणी ३.३ मा उल्लेख गरिएको छ। सबै वर्गका सम्पत्तिहरूको अवशिष्ट मूल्य शून्य रहेको अनुमान गरिएको छ।

सम्पत्तिको अनुमानित उपयोगी जीवन अवधि, अवशिष्ट मूल्य तथा मूल्यह्रास विधिको प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ। पुनरावलोकनबाट कुनै परिवर्तन आवश्यक देखिएमा सो परिवर्तनलाई नेपाल लेखामान ८

बमोजिम लेखा अनुमानमा भएको परिवर्तन मानी भावी रूपमा लागू गरिन्छ।

लागत रु. ५,००० भन्दा कम भएका सम्पत्तिहरूलाई सारभूत नभएको आधारमा खरिद गरिएकै आर्थिक वर्षको नाफा नोक्सान विवरणमा खर्च लेखिन्छ।

सम्पत्ति निःसर्ग वा बिक्री गर्दा प्राप्त हुने खुद रकम र सो सम्पत्तिको खुद किताबी मूल्यबीचको भिन्नतालाई नाफा वा नोक्सानको रूपमा सोही अवधिको नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ।

## ३.३ ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको उचित मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई ख्यातिकोरूपमा पहिचान गरिन्छ । ख्यातिलाई लागतमा कुनै पनि संचित क्षयिकरणलाई घटाई मापन गरिन्छ। यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले वहन मूल्यमा क्षति पुग्न सक्ने घटनाहरू वा परिस्थितिहरूको परिवर्तनहरूले संकेत गरेमा वार्षिक रूपमा वा त्यो भन्दा बढी पटक क्षतिको लागि ख्यातिको क्षयीकरणको समीक्षा गरिन्छ।

ख्याति बाहेक छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुने उचित मूल्य निर्धारण गर्न सकिने अर्मूत सम्पत्तिहरुको अलग्गै पहिचान गरिन्छ। यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवन अवधिभर लागतमा क्षयिकरण/परिशोधन घटाई लेखाङ्कन गरिन्छ ।

सफ्टवेयर तथा वेबसाइट लगायतका सीमित उपयोगी जीवन अवधि भएका अमूर्त सम्पत्तिहरूको परिशोधन (Amortisation) सरल रेखा विधिबाट ५ वर्षको अनुमानित उपयोगी जीवन अवधिमा वार्षिक २०% का दरले गरिन्छ। परिशोधन सम्पत्ति प्रयोगका लागि उपलब्ध भएको मितिदेखि सुरु गरिन्छ।

## ३.४ बिक्रीको लागि राखिएका गैर-चालू सम्पत्तिहरू

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरूमा सम्पत्ति संयन्त्र र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा वा जग्गा र भवनहरू र गैर-चालू सम्पत्तिहरू समावेश छन्। सामान्यतया, यसमा सहकारी संस्थाले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ।

बिक्रीको लागि राखिएको गैर-चालू सम्पत्तिहरू यसको लागत रकम र उचित मूल्यबाट बिक्रीको अनुमानित लागत घटाई हुन आउने रकम मध्ये जुन कम जुन कम हुन्छ त्यसमा मापन गरिन्छ।

## ३.५ आयकर

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन्।

### चालु कर

चालू कर भनेको इक्विटी वा अन्य विस्तृत आम्दानी (OCI) मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित भइ इक्विटी वा अन्य विस्तृत आम्दानीमा पहिचान गरिएको बाहेक नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको

आयकर खर्च हो । चालू कर भनेको चालू वर्षको सन्दर्भमा लागू गरिएको कर दरहरू  वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गरेर आन्तरिक राजस्व विभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो  ।

**स्थगित कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐन अनुसार गणना गरिएको र कममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा वा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को रुपमा लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

## ३.६ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू

### निक्षेपः

सदस्यहरूको निक्षेपहरू लागत मूल्यमा पहिचान गरिन्छ।  कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा  नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित  मूल्य मानिन्छ।

## ३.७ व्यवस्थाहरू, अन्य दायित्वहरू,  संयोगिक (सम्भाव्य)दायित्वहरू

कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ। व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त र कम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।

संयोगिक (सम्भाव्य) दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ। अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र  आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले  खुलासा गरिन्छ।

सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ। २०८३ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक

दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन् ।

## ३.८ आयको पहिचान

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

## ब्याज आम्दानी

ब्याज आम्दानी नगद आधारमा लेखाँकन गरिएको छ। ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिएको छैन। EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो। प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ। ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी व्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् ।

## शुल्क र कमिशनको आम्दानी

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ।

## लाभांश आम्दानी

लगानीबाट प्राप्त ब्याज वा लाभांश नगद आधारमा लेखाङ्कन गरिन्छ।

## ३.९ ब्याज खर्च

दैनिक र आवधिक बचतमा दैनिक मौज्दातमा ब्याज हिसाब नगरि दैनिक बचतमा भुक्तानी अवधी पुगे पछि, सम्बन्धित बचतकर्ता भुक्तानी माग्न आएको बखत र आवधिक बचतमा, बचत मिति देखि ३/३ महिना ब्याज भुक्तानी गर्ने गरेको छ। परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।

## ३.१० कर्मचारी लाभहरू

## सामाजिक सुरक्षा कोष योगदान

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो। श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो। सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन।

**कर्मचारी बोनस**

गत आर्थिक वर्षहरूमा बोनसको गणना संस्थाको विनियम अनुसार नाफाको १०% (जगेडा कोषमा स्थानान्तरण पश्चात बाँकी रहेको) आधारमा गरिएको थियो । तर सो गणना बोनस ऐन, २०३० बमोजिम नभएको हुँदा चालु आर्थिक वर्षमा बोनस ऐनको प्रावधान अनुसार बोनस गणना गरिएको छ र बोनस देय रकमलाई देयता (Liability) मा देखाइएको छ, जसलाई अघिल्लो आर्थिक वर्षमा जस्तै बोनस कोष (Bonus Fund) मा स्थानान्तरण गरिएको छैन ।

## ३.११ शेयर पूँजी र कोषहरु

**शेयर पूँजी** नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने उगततबदभि instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ। नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोहि अवधिमा इक्विटीमा पहिचान गरिन्छ।

### वैधानिक कोषहरू

यस कोषमा  कानूनद्वारा कायम रकम समावेश हुन्छ।

### साधारण जगेडा कोष

लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

### संरक्षित पूँजी फिर्ता कोष

लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% ' संरक्षित पूँजी फिर्ता  कोषमा स्थानान्तरण गरिएको छ।

### सहकारी प्रवर्द्धन कोष

लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ । यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ।

## अन्य कोषहरू

लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ७५ % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | १०० % |

## ३.१२ प्रति शेयर आम्दानी (EPS)

सहकारी संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत (BEPS) र मर्षगतभम प्रति शेयर आम्दानी (DEPS) तथ्याङ्क प्रस्तुत गर्दछ। आधारभूत भ्एक सहकारीको साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सानलाई अवधिभर बाँकी रहेको साधारण शेयरको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ। म्षगितभम भ्एक सबै सम्भावित dilutive साधारण शेयरहरूको प्रभावको लागि साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सान र बाँकी रहेको साधारण शेयरको भारित औसत संख्या दुवै समायोजन गरेर निर्धारण गरिन्छ।

### ५.खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायिक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ। विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ। ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ। त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ। लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ।

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

| स.न. | नाम | पद |
|---|---|---|
| १ | जयदेव अवस्थी | संयोजक |
| २ | सन्तोष बाबु सुबेदी | सदस्य |
| ३ | द्रोपता कुमारी गौतम | सदस्य |

## जोखिम सम्बन्धी सुशासन प्रणाली

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अन्तर्गतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

## तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन

सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

## ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछः

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ।

## कर्जा जोखिम

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने् र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

## सञ्चालन जोखिम

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तार मा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

## बजार जोखिम

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर  सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधार मा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

## संस्थागत वा रणनीतिक जोखिम

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि

संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ। संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

## आन्तरिक नियन्त्रण जोखिम

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभत्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ। सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

## अनुपालन जोखिम

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय

गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

## ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित  मूल्य

उचित  मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा उचित मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो। (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य)।

## ५.३  सम्बन्धित पक्षको खुलासा

## संचालक र व्यवस्थापकीय कर्मचारीहरूको सूची

सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बद्ध पक्षको रूपमा पहिचान गरिएको छ।

नेपाल लेखामान (NAS २४) अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क्र.स.. | नाम | पद | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | संजय थापा | अध्यक्ष | २०८०/०८/०९ | २०८४/०३/३१ |
| २ | अजय कुमार शर्मा | उपाध्यक्ष | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ३ | राजीवराज शर्मा | सचिव | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ४ | हरिलाल न्यौपाने | कोषाध्यक्ष | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ५ | दुर्गा प्रसाद भण्डारी | सदस्य | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ६ | प्रेम बहादुर खडका | सदस्य | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ७ | तारा कुमारी खत्री | सदस्य | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ८ | जयदेब अवस्थि | ले.सु.स.संयोजक | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ९ | सन्तोष बाबु सुबेदी | ले.सु.स. सदस्य | २०८०/०८/०९ | २०८४/०३/३१ |
| १० | द्रोपता कुमारी गौतम | ले.सु.स.सदस्य | २०८०/०८/०९ | २०८४/०३/३१ |
| ११ | थानिश्वर पाण्डेय | प्रबन्धक | २०७०/०६/०१ | |

## संचालकहरु र व्यवस्थापकीय कर्मचारीहरूसँगको कारोबार र भुक्तानी

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | ६६४००० | ५२५००० |
| अन्य सुविधाहरू | ३४४५०० | ३४४५०० |
| **कुल** | **१००८५००** | **८६९५००** |

## व्यवस्थापकको पारिश्रमिक र सुविधाहरू

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| तलब | ९,२५,६७३ | ८,२३,९२५ |
| अन्य सुविधाहरू | ९०,००० | ७५,००० |
| **कुल** | **१०,१५,६७३** | **८,९८,९२५** |

माथिका अतिरिक्त बाहेक, सहकारीले सहकारीको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ।

## ५.३.३ सम्बन्धित पक्षहरूलाई प्रवाह गरिएको कर्जा

नेपाल लेखामान २४ बमोजिम संस्थाका सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका सदस्यहरू तथा प्रमुख व्यवस्थापकीय कर्मचारीहरू सम्बन्धित पक्षको रूपमा पहिचान गरिएका छन् । प्रतिवेदन मितिमा निजहरूलाई प्रवाह गरिएको कर्जाको विवरण देहाय बमोजिम रहेको छ स

## (क) सञ्चालक समितिका सदस्यहरूलाई प्रवाहित कर्जा

| स.नं. | नाम | पद | कर्जाको प्रकार | स्वीकृत मिति | स्वीकृत रकम | ३२ आषाढ २०८३ को बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | संजय थापा | अध्यक्ष | व्यापारिक कर्जा | २०८३/०३/३१ | १,०००,००० | १,०००,००० |
| २ | राजीवराज शर्मा | सचिव | व्यापारिक कर्जा | २०८३/०३/१६ | २,०००,००० | १,७७७,७७८ |
| ३ | दुर्गा प्रसाद भण्डारी | सदस्य | व्यापारिक कर्जा | २०८२/१२/२३ | २,०००,००० | १,६३८,८७२ |
| ४ | प्रेम बहादुर खड्का | सदस्य | घर कर्जा | २०८१/०८/०७ | ६,०००,००० | २,७६४,७०१ |
| | | | व्यापारिक कर्जा | २०८२/०९/२८ | २,०००,००० | २,०००,००० |
| | | | घर कर्जा | २०८३/०२/०५ | ८,९००,००० | ८,७९४,०४८ |
